‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २३३ ★ ने. सं. ११४६ जला थ्व, द्वितीया ★ आइतबार ★ २८ भदौ, २०८३ ★ September 13, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## कृष्णभिर नेपालका शिखर प्राविधिक र सरकारलाई नैतिक चुनौती

काठमाडौँ, २७ भदौ । २५-३० वर्षदेखि नै हरेक वर्ष वा दुई-चार वर्षभित्रमा कृष्णभिरको समस्या, यातायात बन्द र दुर्घटनाका घटनाहरू निरन्तर घटिरहेका छन् - मानौँ, संसारका हरेक देशमा सडकको यस्तै हाल छ ! संसद्, राष्ट्रिय पञ्चायत, जनसभा, घर भित्र-बाहिर वा हरेक राजनीतिक भेटघाटमा ‘कृष्णभिर’ बारे चर्चा भइहाल्छ - मानौँ, नेपालको पहाडी क्षेत्रमा कहिल्यै सडक नै बनेका छैनन्; सङ्कट’ (नेपाल समाचारपत्र, १८ भदौ, २०८३) जस्ता समाचारहरू आउने थिएनन् ।

२२ भदौ २०८३ ‘अन्नपूर्ण’ को अङ्कमा लेखियो - ‘कृष्णभिर र परेवाभिर पहिरोको असर व्यवसायमा’ ।

तर, सरकार किन मौन बस्छ ? अर्थात् सडक विभाग वा सम्बन्धित मन्त्रालय र मन्त्रीले त्यसबारे बैठक, वक्तव्य वा सदनमा किन बोल्दैनन् !? यसबारे सम्बन्धित विशेषज्ञ वा त्यस



क्षेत्रमा काम गरिसकेका ठुला-बडा प्राविधिक र अनुभवीहरूको बैठक राखेर जनतालाई सही स्थिति किन बताइँदैन ?

जनता भित्र भित्र त्रासमा छन् - कहीँ यस भिरको ‘उपचार’ गर्न पनि २०८२ भदौ २३-२४ कै अमेरिकी र भारतीय ‘डाक्टर’हरू ल्याउनुपर्ने हो कि ? वा ‘कृष्णभिर’ को रोग पत्ता लगाउन समेत अर्थमन्त्रीमार्फत ‘अन्तर्राष्ट्रिय मुद्राकोष’ र ‘विश्व बैङ्क’ सँगै डलरको ब्याज तिर्दै जाने ऋण माग्नुपर्ने हो !?

नेपालमा कुनै वरिष्ठ इन्जिनियर र विशेषज्ञहरू छैनन् !

राणा कालमा त्यही बाटोमा किन सुरूङ मार्ग बनाइयो र पछि त्यसबारे किन मनन गरिएन ? प्राकृतिक सुरूङ मार्गमात्र होइन मानिसले पनि सुरूङका निर्माणहरू गरेर देखाएकै छन् - देश विदेशमा । हाम्रा राजनेता र शिखर प्राविधिकहरूले यसबारे किन सोचेनन् ? नत्र आजसम्म पनि ‘कृष्णभिरको पहिरो हटाउने कार्य अनिश्चित, यातायात थप

१९ भदौ २०८३ को ‘नेपाल समाचारपत्र’ मा प्रकाशित ‘कृष्णभिरमा सडक खुलाउन रूख काटिँदै’ शीर्षकको समाचारले फेरि निराश बनाउने सन्देश सुनिएजस्तै भयो । के सरकारको सम्बन्धित मन्त्रालय वा मन्त्रीको ‘मुख खुल्ने’ समय भएको छैन ?

**जनता सरकार खोजिरहेको अवस्थामा !**

२६ भदौ २०८३ ‘राजधानी’ को ‘कामै नगरी २४ लाख भुक्तानी’, ‘व्यक्ति र कम्पनीविरूद्ध मुद्दा दायर’ शीर्षकबाट जनता आत्तिएको बेला ‘कान्तिपुर’ २६ भदौ २०८३ को ‘अस्पताललाई तिर्न १२ सय रुपैयाँ नपुग्दा सडकपेटीमै सुत्केरी’ शीर्षक र तस्बिरसमेतको समाचार तथा ‘सात सय नहुँदा अस्पतालको गेटमै प्रसूति’ शीर्षक समाचार (नेपाल समाचारपत्र २६ भदौ २०८३) ले पुनः जनता हिजोको ‘ओली सरकार’ कि २०८२ भदौ २३-२४ पछिको सरकार खोजिरहेका छन् भन्ने बुझ्न पर्यवेक्षकहरूलाई गाह्रो छैन ।

तर, ‘मेडिकल काउन्सिलको टोलीद्वारा घटनाको छानबिन सुरू’ समाचार झन् आश्चर्यजनक मानिँदै छ । ‘कस्तो राम्रो’ तर के कस्तो विषयमा नेपालको मेडिकल काउन्सिलले हेर्ने होला भनी जिज्ञासा प्रकट गरिँदै छ ।

‘कम शुल्कमा रोगी नहेर्नू’ र निजी क्लिनिक र सरकारी अस्पतालमा समेत निश्चित शुल्क वा तलबबिना डाक्टरको सेवा रोक्न लगाउने ‘काउन्सिल’ को भूमिकाबारे पनि जनता जान्न उत्सुक छन् भन्ने चर्चा छ ।

## पुरानो सरकार र नयाँ सरकारको कार्यनीतिमा खासै भेद नभएको विश्लेषण

काठमाडौँ, २७ भदौ । नयाँ सरकारको प्रशंसाभन्दा उल्टो विरोध बढिरहेको छ । सरकार गठन गर्दाको सुरुमा सरकारले थोरै समयमा धेरै काम गरेको देखाउन असान्दर्भिक, अस्वाभाविक र जनविरोधी निर्णयहरू गऱ्यो । तर, त्यो निर्णय पनि जन दबाबका कारण फिर्ता लिनुपऱ्यो र कति निर्णय अदालतले नै खारेज गऱ्यो । यो सरकार सञ्चालकहरूको अपरिपक्वताको सङ्केत हो । अहिले त रास्वपाका नेता र सांसदहरू नै सरकारको खेदो खन्दै विरोधमा उत्रेका छन् । काम गर्न नसक्ने मन्त्रीले राजीनामा दिनुपर्ने माग सत्तारुढ दलकै सांसदहरूले गरे । आफ्नै दलका सांसदहरूले मन्त्रीको राजीनामा माग्ने अवस्था आउनु के सरकारको कमजोरी होइन ?

भदौ २६ गतेको नेपाल समाचारपत्रमा लेखियो, ‘सत्तारुढ दलभित्रै सरकारको कार्यशैली माथि प्रश्न : संसद्मै मन्त्रीदेखि प्रधानमन्त्रीको सचिवालयसम्म आलोचना’, ‘सात सय नहुँदा अस्पतालको गेटमै प्रसूति’ । उपचार खर्च तिर्न नसक्दा गर्भवती महिलाले अस्पतालको गेट बाहिरै शिशु जन्माउनु परेको घटनाले सरकारको स्वास्थ्य सेवा प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ । उक्त घटनाले विपन्न परिवारले निःशुल्क स्वास्थ्य सेवा गर्ने काम हाम्रो एजेन्डा भन्ने प्रम बालेनको बोली कहाँ गयो भन्ने प्रश्न सर्वसाधारण जनतादेखि सांसदहरूले गर्न थालेका छन् । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीकै सांसदहरूबाट सरकारको या मन्त्री र प्रमको कार्यशैलीमाथि लगातार प्रश्न उठ्न थालेको कारण सरकारको कार्यशैली ठीक नभएको थाहा हुन्छ । सोही दिन ‘कान्तिपुर’ दैनिकमा ‘पुराना दलहरू २३ भदौको कुरा गर्दैनन्; सरकार २४ भदौबारे बोल्दैन’, ‘अस्पताललाई तिर्न १२ सय रुपैयाँ नपुग्दा सडक पेटीमै सुत्केरी’ ।

पुराना सरकारका दलहरू २४ भदौको विध्वंसले आन्दोलनको वैधतामाथि प्रश्न उठाउँछन् भने अहिलेको सत्तारुढ दलका नेता, मन्त्री र सांसदहरू भदौ २३ को दमनको विरोध गर्दै सरकारको अन्त्य भएको स्वीकार्छन् । सरकार पुरानो होस् या नयाँ दमनको विरोध गर्नुपर्छ । शान्तिपूर्ण आन्दोलनमा टाउको र छातीमा ताकी ताकी गोली हानेर हत्या गर्नेमाथि कारबाही गर्नुपर्छ । भदौ २४ गते सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन, राष्ट्रपतिको शीतल निवास, विभिन्न दलका नेता र अन्य सरकारी कार्यालयमा आगजनी गर्नेहरूमाथि पनि कारबाही गर्नुपर्छ । अहिले न गोली ठोक्नेहरूमाथि कारबाही भएको छ न त देशको सम्पत्ति आगजनी गर्नेहरूमाथि कारबाही भएको छ । सरकार र सत्तासीन दलका नेताहरू दोषीमाथि कारबाही गर्न किन अघि सर्दैनन् ?

गोली ठोकेर हत्या गर्नु गलत हो; सिंहदरबार, संसद् भवनजस्ता देशको सम्पत्तिमा आगजनी गरेर ध्वस्त गर्नु पनि गलत हो । यी हत्या गर्ने र आगजनी गर्नेहरू सजायभागी हुनुपर्छ । ‘नयाँ पत्रिकामा लेखिएको छ, राज्य भन्छ- प्रसूति सेवा निःशुल्क तर विपन्न बबिताहरू सडकमै बच्चा जन्माउन विवश’ । सुत्केरी बेथाले च्यापेपछि पत्नी बबितालाई लिएर गजेन्द्रनारायण सिंह अस्पताल पुगेका हरेराम पासवानले परीक्षण शुल्कको ३२ सय जुटाउन सकेनन्; अस्पताल छेउकै सडक पेटीमा सवा घण्टा छटपटाएर बबिताले बच्चा जन्माइन्’ । पति हरेरामको दुखेसो छ - “अस्पतालको अगाडि सडकमै बच्चा जन्माउँदा समेत सरकारले हामीलाई देखेन ।” नेपालको संविधानमा लेखिएको छ, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकास्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।’ अझ राज्यले प्रसूति सेवालाई निःशुल्क भनेको छ । सत्तारुढ दलका नेता, मन्त्री र सांसदहरूले प्रसूति सेवालाई किन बन्धक राखे ? स्वास्थ्य सेवा निःशुल्क हुने संवैधानिक बन्दोबस्तलाई किन बेवास्ता गरे ? स्वास्थ्य बीमा भएको खर्च सम्बन्धित अस्पताललाई दिनुपर्ने करोडौँ रकम बाँकी छ । सरकार या बीमा बोर्डले त्यो दिन सकेको छैन । स्वास्थ्य बीमालाई जनताको घर आँगनमा पुऱ्याएर स्वास्थ्य सेवामा सहज, सर्वसुलभ गर्नुपर्ने बेला उल्टो असहज हुँदै छ । बिरामीलाई औषधि वितरणमा पनि नीतिअनुसार व्यवहारमा लागू भएको देखिँदैन । सरकारको सूचीमा जति औषधि वितरण गर्नुपर्ने हो, त्यो भइरहेको छैन । स्वास्थ्य बीमामा सदस्यहरूले पनि औषधि पनि पाउँदैनन् । त्यसमाथि स्वास्थ्य बीमा भएको औषधिको खर्च अस्पतालले नपाउँदा कति अस्पतालले स्वास्थ्य बीमा सेवा नै बन्द गरिसकेको छ । कति अस्पताललाई अन्य उपचार सेवा पुऱ्याउन अप्ठेरो भइरहेको छ । यसबारे पुरानो सरकारझैँ नयाँ सरकार पनि चुकेको छ । राजनीतिक विश्लेषकहरूले भन्न थालेका छन्, पुरानो सरकार र नयाँ सरकारको कार्यनीति र विचार नीतिमा खासै फरक छैन ।

## देशको अवस्थाबारे उठेका प्रश्न

- भोटेकोसी हिमबाढी पीडितको खोज, उद्धार, राहत र पुनःस्थापनामा रास्वपा सरकारका केही मन्त्री र सांसदहरू प्रभावित क्षेत्रको सहज ठाउँमा पुगेर ‘देखावटी तस्बीर’ सामाजिक सञ्जालमा सार्वजनिक गरेकोमा जनताको विरोध पनि भयो । भारतीय एक न्युज च्यानल सीआरआईको टीभीले नेपाल सरकारको अनुमति नलिँदै हिमपहिरो पीडितलाई उद्धार गरको भनी ‘न्युज एक्स लाइभ’ मा प्रकाशित गरियो । भारतको न्युज २४ का रिपोर्टर भग्नावशेषमा धसेको देखाइयो । त्यसमा पीडित थिएन । भारतको अर्को च्यानल ‘न्युज नेसन’ का रिपोर्टरले आफू हिलोमा खुट्टा धसेको टीभीमा देखाए । भारतको आफ्नै न्युज च्यानल चलाइरहेकी स्मिता शर्माले आफ्नो रिपोर्टिङमा घटनास्थलको अवस्था, पीडितहरूसँगको कुराकानी र राहत वितरणको दृश्यमात्र देखाए । सूचना तथा प्रसारण विभागका अनुसार नेपालमा ९१ वटा अन्तर्राष्ट्रिय टेलिभिजनहरू भएकोमा ८० वटा भारतीयको रहेको महानिर्देशक अनुप नेपालीको भनाइ पनि सार्वजनिक भयो । पीडितसँग ‘तिमीले बुबा आमा बगाएको देख्यौ ? तपाईँलाई कस्तो लागिरहेको छ ?’ सोध्ने नेपाल र भारतका रिपोर्टरहरूलाई रास्वपा सरकारले स्पष्ट निर्देशन दिनुपर्ने होइन र ?
- रास्वपा सरकारका नेताहरू र यसका सांसदहरू प्रतिनिधिसभामा मात्र आफ्नो झन्डै दुईतिहाइ पुगेको, राष्ट्रियसभा, प्रदेशसभा र स्थानीय तहमा विपक्षी पार्टीका मात्र हुँदा त्यहाँबाट राहत वितरणलगायत अन्य काममा सङ्घीय सरकारलाई सहयोग नभइरहेको दाबी गर्दै छन् । यही बेला पृथ्वी राजमार्गको कृष्णभीरमा पनि पहिरो गयो र तराईसँगको लाइफ लाइन तोडियो । अहिले रास्वपा सरकारका पूर्वाधार विकासमन्त्री सुनिल लम्साल पालिका र प्रदेश सरकारले खोलेका ट्र्याक स्तरवृद्धि गरी विकल्प खोजीमा लागे । के अब रास्वपा सरकारलाई स्थानीय तह र प्रदेश सरकार सहयोगी भएको हो र ? रास्वपा सरकार नेपाली जनताको बलमा गठन नभएको यसले पनि पुष्टि गर्दैन र ?
- नेपालमा २०६२।६३ को प्रतिगमनविरोधी जनआन्दोलनयता बीस वर्षमा तत्कालीन माओवादीका पुष्पकमल दाहाल, नेका र एमालेको पालैपालो समर्थनमा ३-४ पटक प्रधानमन्त्री भए । दाहालले भदौ २६ गते सिराहामा औल्याए- ‘गत वर्ष भदौ २४ गतेपछि नेपालीको हातमा नेपाल छैन । संविधान मिचेर सरकार बनाइयो । प्रतिनिधिसभा विघटन गरियो । फैसला विदेशीले गर्न थाले । त्यो कालो दिन नै भयो ।’ पटक पटक प्रधानमन्त्री बनेका दाहालले कुन विदेशीले नेपालमा फैसला गर्न थालेको हो स्प्पट भन्नु पर्दैन र ? कि भोलि उही विदेशीको बुई चढेर सरकारमा पुग्नुपर्ने भएको हुँदा स्पष्ट नपारिएको हो ? के ३५ वर्षयता नेका, एमाले, तत्कालीन माओवादी र रास्वपालाई सरकारको नेतृत्वमा पुऱ्याउने उही विदेशी नै हो र ?

### व्यङ्ग्यचित्रको कुनो





**वाटर साइक्लिङमा रमाउँदै पर्यटक**

भक्तपुर नगरपालिका-१ भाज्या पुखु (पोखरी) मा शनिबार वाटर साइक्लिङमा रमाउँदै आन्तरिक पर्यटक । *तस्बिरः रेणु त्वानाबासु/रासस*

# भोटेकोसी बाढी हिजो र आज अबको विपद् व्यवस्थापन कसरी गर्नेबारे विचार विमर्श




**सत्यराम कासिछ्वा**

भक्तपुर, २७ भदौ । सिर्जनशील युवा समूहको आयोजना शनिबार आइडिया क्याफे नामक दोस्रो विचार विमर्श भोटेकोसी बाढी हिजो र आज सम्बन्धमा कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा विपद् व्यवस्थापन विज्ञ डा. दीपक थापा, आरएनए १६ का उद्धार स्वयम्सेवक अरुण सैंजु तथा उद्धार स्वयम्सेवक राजेश गाइजुसँग अन्तरक्रियात्मक विचार विमर्श भएको हो ।

डा. दीपक थापाले विपद् व्यवस्थापनका लागि भएको अध्ययन अध्यापन प्रयोग र वास्तविक रूपभन्दा फरक रहेकोले विपद व्यवस्थापनमा स्थानीय रूपमा उपलब्ध स्रोत साधनको अत्यधिक प्रयोग गर्दै स्थानीय जनता र सरकारसँग सहकार्य गर्न जरुरी रहेको बताउँदै विपद् प्राकृतिक नभई मानवीय संरचना, सचेतना, सूचना सञ्चारको सही प्रयोगमा अध्यावधि हुन नसक्दा र विगतको बाढीलाई बेवास्ता गर्दै सामान्य रूपमा लिँदा विपद्बाट धेरै क्षति बेहोर्न बाध्य हुनुपरेको बताउनुभयो ।

उहाँले विपद् व्यवस्थापनको लागि नेपाल आफैं प्रयोगशाला रहेको अवस्थामा नेपाली विद्यार्थीलाई कल्पनामा आधारित तथ्याङ्क अध्यापन गरिरहेकोमा सचेत गराउँदै नेपाली माटो सुहाउँदो प्रविधिको प्रयोग गरी विपद् व्यवस्थापनलाई सहज सहजीकरण गर्न स्थानीय तथा केन्द्रीय सरकार लाग्नुपर्ने विचार राख्नुभयो ।

आरएनए १६ का उद्धार स्वयम्सेवक अरुण सैंजुले विपद् व्यवस्थापनमा सरकारको आश र भर नपरी त्रिपाल, अत्यावश्यक सामान्य खानेकुरा, आधारभूत औषधि, खानेपानीको व्यवस्थामा व्यक्ति परिवार तथा समाजमा पूर्वतयारीको योजना बनाउन जोड दिँदै विपद्मा उद्धारको लागि आवश्यक तालिम पौडी खेल्न, ग्यास सिलिन्डरको आगो निभाउन तथा डोरीको गाँठो बाँध्न नआउने नेपाली सेनासँग मिलेर विभिन्न विपद्मा काम गरेको अनुभव सुनाउनुभयो ।

अर्का स्वयम्सेवक राजेश गाइजुले विपद् व्यवस्थापनमा लाग्दा कारुणिक र विभत्स दृश्यलाई आँट गरी ज्यान तथा प्राकृतिक जोखिम भए पनि तिमुरेमा नेपाली सेनासँग मिलेर गरेको उद्धारबारे आफ्नो अनुभव सुनाउनुभयो ।

विभिन्न विषयमा अध्ययनअनुसन्धान गरी देश र समाजको लागि आवश्यक योगदान पुऱ्याउन सक्ने व्यक्ति तथा विचारलाई प्रवर्द्धन गरी प्रचारप्रसार गर्ने अभिप्रायले सञ्चालित सिर्जनशील युवा समूहको आइडिया क्याफेअन्तर्गत भोटेकोसी बाढी हिजो र आज दोस्रो संस्करणका प्रमुख वक्ताहरूलाई संयोजक सुरेशन धुसुले मायाको चिनो प्रदान गर्नुभयो ।

# झीगु ख्वप साकोसले सोडा (सरफ) बनाउने तालिम सम्पन्न

भक्तपुर, २७ भदौ । झीगु ख्वप बचत तथा ऋण सहकारी संस्था लि.को महिला उपसमितिको संयोजनमा वासिङ मेसिनमा प्रयोग गरिने सोडा ( सरफ) बनाउने तालिम सम्पन्न भयो ।

संस्थापक अध्यक्ष श्रीकृष्ण किसीले तालिममा प्राप्त ज्ञान र सीप व्यवहारमा उतार्न सकेमा तालिमले सार्थकता पाउने बताउनुभयो । प्रशिक्षार्थीहरूले तालिममा नबुझेका कुरा प्रशिक्षकसँग सोधेर बुझ्न सुझाउनुभयो ।




संस्थाका अध्यक्ष नारायणप्रसाद कवांले आर्थिक कारोबारको साथै सामाजिक क्रियाकलापहरू पनि गर्दै आएको यस संस्थाले दैनिक व्यवहारमा प्रयोग हुने वासिङ मेसिनमा प्रयोग गरिने सोडा (सरफ) बनाउने तालिम दिएको बताउनुभयो ।

महिला उपसमितिका संयोजक इन्द्रमाया लागेले तालिमबाट सिकेका सोडा बनाउने तरिका आ-आफ्नो घरमा पनि प्रयोग गरेमा आर्थिक रूपमा फाइदा हुने बताउनुभयो । संस्थाका अध्यक्ष नारायणप्रसाद कवांले प्रशिक्षक रमिता चौगुठीलाई तालिमका सामग्रीहरू हस्तान्तरण गर्दै सुरु गरेको सो तालिममा ३२ जना सदस्यहरू उपस्थित भएका थिए । कार्यक्रम व्यवस्थापक तुल्सीराम ग्वाछाले सञ्चालन गर्नुभयो ।

# भक्तपुर बचतमा मोतिविन्दु तथा आँखा शिविर



भक्तपुर, २७ भदौ । भक्तपुर बचत तथा ऋृण सहकारी संस्था लि. को स्वास्थ्य उपसमितिको आयोजनामा शनिबार मोतिविन्दु तथा आँखा शिविर सम्पन्न भयो ।

ख्वप तिलगङ्गा आखा अस्पतालको प्राविधिक सहयोगमा भएको उक्त कार्यक्रममा १३८ जनाको आँखा परीक्षण भएको थियो ।

आखा परीक्षण गरिएकामध्ये ५ जनाको मोतिविन्दु देखिएको छ । मोतिविन्दु देखिएका बिरामीको सहुलियतमा शल्यक्रिया गरिने संस्थाले जानकारी दिएको छ ।

# बाढीका कारण विभिन्न बैङ्कका १७ वटा शाखा प्रभावित

काठमाडौँ, २७ भदौ । रसुवाको भोटेकोसीमा यही भदौ १० गते आएको बाढीका कारण १२ वटा बैङ्कका १७ वटा शाखा प्रभावित भएका छन् । राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको द्रुत क्षति र आवश्यकता मूल्याङ्कन (आरडिएनए) प्रतिवेदनअनुसार रु. ७२ दशमलव चार करोड बराबरको क्षति भएको छ ।

जसमध्ये सबैभन्दा बढी कृषि विकास बैङ्कमा भएको छ । बैङ्कको एउटा शाखा रु. ६५ करोड क्षति भएको छ । प्राधिकरणका अनुसार सिटिजन बैङ्कको एउटा शाखा प्रभावित हुँदा रु. एक करोड ५६ लाखको क्षति भएको छ ।

ग्लोबल आइएमई बैङ्कको एउटा शाखा प्रभावित हुँदा रु. ११ लाखको क्षति भएको छ । हिमालय बैङ्कको एउटा शाखा प्रभावित हुँदा रु. ७५ लाखको क्षति भएको छ । लक्ष्मी सनराइज बैङ्कको एउटा शाखा प्रभावित हुँदा रु. एक करोड १२ लाखको क्षति भएको छ ।

माछापुच्छ्रे बैङ्कको एउटा शाखा प्रभावित हुँदा रु. ७५ लाख तथा नबिल बैङ्कको एउटा शाखा प्रभावित हुँदा रु. ६३ लाखको क्षति भएको छ । एनआइसी एसिया बैङ्कका तीन वटा शाखा प्रभावित हुँदा रु. ८८ लाख र नेपाल इन्भेष्टमेन्ट बैङ्कका तीन वटा शाखा प्रभावित हुँदा रु. ४० लाखको क्षति भएको छ ।

त्यसैगरी एनएमबी बैङ्कको एउटा शाखा प्रभावित हुँदा रु. चार लाखको क्षति भएको छ । प्रभु बैङ्कका दुई वटा शाखा प्रभावित हुँदा रु. ५३ लाखको क्षति भएको छ भने सानिमा बैङ्कको एउटा शाखा प्रभावित हुँदा रु. ६३ लाखको क्षति भएको छ ।

प्रतिवेदनअनुसार बाढी प्रभावित क्षेत्रमा बैङ्क तथा वित्तीय सेवामा क्षति पुगेको छ । नुवाकोटको विदुर नगरपालिकामा बैङ्कका चार वटा शाखामा रु. ६७ करोड १३ लाखको क्षति भएको छ । रसुवाको गोसाइकुण्ड गाउँपालिकामा ११ वटा शाखामा रु. चार करोड २३ लाख, रसुवाकै कालिका गाउँपालिकामा एउटा शाखामा रु. २८ लाख, सोही जिल्लाको उत्तरगयामा एउटा बैङ्कको एउटा शाखा प्रभावित हुँदा रु. ७५ लाखको क्षति भएको छ ।

उक्त रकमबाहेक पनि छुट्टै रु. १९ करोड ५९ लाख क्षति भएको देखिएको छ । प्रतिवेदनअनुसार नुवाकोटको विदुरमा रु. छ करोड ४० लाख, रसुवाको गोसाइँकुण्डमा रु. नौ करोड ५३ लाख, कालिका गाउँपालिकामा रु. ७९ लाख र उत्तरगया गाउँपालिकामा रु. तीन करोड २३ लाखको क्षति भएको छ । ***रासस***

# सिक्टा सिँचाइ : पाँच वर्षभित्र निर्माण सम्पन्न गर्ने तयारी

राँझा (बाँके), २७ भदौ । बाँकेमा निर्माणाधीन राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजना आगामी पाँच वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी काम भइरहेको छ । सरकारले पाँच वर्षभित्र आयोजनाको काम सम्पन्न गर्न निर्देशन दिएअनुरूप पछिल्लो समय सिक्टा सिँचाइको काम द्रुत गतिमा भइरहेको आयोजनाका निर्देशक राजु आचार्यले बताउनुभयो ।

बजेट र जनशक्तिको अभाव नभए अबको पाँच वर्षभित्र पूर्वाधार निर्माणको सबै सकिने उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म आयोजनाको ५१ प्रतिशत निर्माणको भौतिक प्रगति भएको छ भने यो अवधिमा पूर्वाधार निर्माणतर्फ करिब रु. २४ अर्ब खर्च भइसकेको छ । मर्मत सम्भारको काम नियमित रूपमा चल्ने भए पनि आयोजना निर्माणको बाँकी काम पाँच वर्षमा सक्ने गरी अहिले काम भइरहेको छ ।

आर्थिक वर्ष २०६२/६३ मा सुरु भएको यो आयोजनाअन्तर्गत बाँकेको राप्ती सोनारी गाउँपालिका अगैयास्थित राप्ती नदीमा तीन सय १७ मिटर क्षेत्रफलमा ब्यारेज निर्माण गरी ४२ हजार सात सय ६६ हेक्टर भूमिमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य राखिएको छ ।

नेपाल सरकारको आफ्नै स्रोतबाट निर्माण सुरु गरिएको यो आयोजनाको पश्चिम मूल नहरबाट ३३ हजार सात सय ६६ हेक्टर र पूर्वी मूल नहरबाट करिब नौ हजार हेक्टर जग्गामा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य छ । हाल २५ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको आयोजना निर्देशक आचार्यले जानकारी दिनुभयो ।

# वरिष्ठ पत्रकार गौतमको निधन

काठमाडौँ, २७ भदौ । वरिष्ठ पत्रकार युवराज गौतमको ६६ वर्षको उमेरमा निधन भएको छ । श्वासप्रश्वासमा समस्या भई शनिबार बिहान बलम्बुस्थित नेपाल सशस्त्र प्रहरी बल, अस्पतालमा बेहोस अवस्थामा उपचारका लागि लगिएका गौतमको स्वास्थ्य परीक्षण गर्दा मुटुको चाल बन्द भएपछि निधन भएको अस्पतालका चिकित्सक डा. दिवाकार सिंह थापाले जानकारी दिनुभयो ।

इलाममा सन् १९६० मा जन्मनुभएका लेखकसमेत रहनुभएका गौतम गोरखापत्र दैनिकका पूर्वप्रधानसम्पादक पनि हुनुहुन्थ्यो । उहाँको आइतबार अन्त्येष्टि गरिने जनाइएको छ ।

# भूकम्पपछि लोमान्थाङमा स्थानीय र विद्यार्थी त्रिपालमुनिको बास

मुस्ताङ, २७ भदौ । यही भदौ २३ गते रातिको भूकम्पछि उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका स्थानीय, शिक्षक र विद्यार्थी त्रिपालमुनि रात काट्न बाध्य भएका छन् । लोमान्थाङ केन्द्रबिन्दु भएर गएको पाँच दशलव तीन म्याग्निच्युडको भूकम्पको धक्काले लोमान्थाङका ८० प्रतिशत घर चर्किएका छन् ।

लोमान्थाङको दिव्यदीप स्कुलको विद्यार्थी छात्रावासको भवन तथा शिक्षक आवास पनि भूकम्पले चर्किएपछि बस्नै नमिल्ने भएको हो । लोमान्थाङ गाउँपालिकामा भूकम्पले सामान्य क्षति पुऱ्याए पनि पालिकाका अन्य चार वडामा स्थानीयका अधिकांश घर बस्नै नमिल्ने गरी मध्यम तथा पूर्ण रूपमा क्षति भएका गाउँपालिका कार्यालयले जनाएको छ ।

गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले भदौ २३ गते रातिको भूकम्पले पालिकाभित्रका स्थानीयका ढुङ्गा र माटोले निर्मित ८० प्रतिशत घरमा क्षति पुगेको बताउनुभयो । उहाँका अनुसार भूकम्पले अधिकांश घरहरू चर्किएका छन् भने करिब ६० घर बस्नै नमिल्ने गरी क्षतिग्रस्त भएको छन् । अध्यक्ष गुरुङले भूकम्पपछि पनि पटकपटक पराकम्पनको असर परिरहेको जनाउनुभयो । भूकम्पले स्थानीयका घर र विद्यालय चकिनुका साथै मानवीय क्षति नभए पनि जोखिम भने बढेको उहाँले बताउनुभयो । जोखिम अझै कायम रहेकाले क्षति भएका घरका स्थानीय, विद्यालयका शिक्षक तथा विद्यार्थी खुल्लाचौरमा त्रिपाल टाँगेर बस्न बाध्य भएका उहाँले जानकारी दिनुभयो ।

भूकम्प प्रभावित स्थानीय र विद्यालयका लागि वैकल्पिक रूपमा स्थानीयस्तरबाटै आवश्यक व्यवस्था मिलाइएको बताउँदै पालिका स्वयं पनि त्रिपाल खरिद गर्ने प्रक्रियामा रहेको अध्यक्ष गुरुङले जानकारी दिनुभयो । गाउँपालिकाले भूकम्पको क्षति लगत सङ्कलन गरिरहेकाले पूर्ण क्षतिको विवरण आउन केही समय लाग्ने जनाइएको छ ।

भूकम्पले सबैभन्दा क्षति लोमान्थाङ–३ फुवा गाउँमा परेको छ । फुवामा करिब ५०० बढी घर बस्न नमिल्ने गरी पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । अन्य वडाहरूमा पनि भूकम्पको असरले अधिकांश घरहरू चकिएर धुजा परेका स्थानीय बताउँछन् ।

भूकम्प प्रभावित नागरिकले सरकारले भूकम्प पीडितका लागि पुन:स्थापना तथा पुन:निर्माणमा सहयोग गर्नुपर्ने माग गरेका छन् । उक्त भूकम्पले विद्यालयको छात्रावास भवन, शिक्षक आवास र भण्डारणका भवनमा क्षति पुगेको दिव्यदीप माध्यमिक विद्यालयका प्रधानाध्यापक कमलेशकुमार त्रिपाठीले जानकारी दिनुभयो । विद्यालयको दुई तलाको ३४ कोठे ढुङ्गा र माटोले बनेका छात्राबासको अधिकांश भाग चर्किएका उहाँले उल्लेख गर्नुभयो ।

चौरासी जना विद्यार्थी रहेको उक्त विद्यालयमा भूकम्पपछि विद्यार्थी र शिक्षकहरू कक्षा कोठा र त्रिपालमुनि रात बिताइरहेका प्रधानाध्यापक त्रिपाठीले जानकारी दिनुभयो । भूकम्पले विद्यालय तथा आवासमा क्षति पुऱ्याएपछि नियमित शैक्षिक पठनपाठनमा समस्या परिरहेको उहाँले जनाउनुभयो । भूकम्पपछि लोमान्थाङ गाउँपालिकासहित नेपाल प्रहरी, सशस्त्र प्रहरी र एक्याप लोमान्थाङ लगायतको टोलीले क्षति विवरण सङ्कलन गरिहेको छ । प्रभावित क्षेत्रका नागरिक तथा विद्यालयको पुन:स्थापना तथा अन्य सहयोगका लागि सुरक्षाकर्मीसहितको टोली खटिएका छन् । भूकम्पले लोमान्थाङमा रहेको छोदे गुम्बाको पर्खाल भत्किएको छ भने ऐतिहासिक लोमान्थाङ दरबारसमेत चर्किएको छ ।

यसैबिच शुक्रबार जिल्ला समन्वय समिति मुस्ताङको एक टोलीले भूकम्प प्रभावित लोमान्थाङ गाउँपालिकाको स्थलगत निरीक्षण तथा क्षति विवरण सङ्कलन गरेको छ । जिल्ला समन्वय समितिका प्रमुख माया गुरुङ, समन्वय अधिकारी घनश्याम सुवेदी, इञ्जिनियर डबल तामाङलगायतको टोली भूकम्प प्रभावित गाउँमा पुगेर स्थानीयको समस्या बुझ्ने प्रयास गरिएको छ । लोमान्थाङमा फेरि पनि भूकम्प आउने डरले स्थानीयहरू त्रासमा छन् । ***रासस***

# यूएईलाई हराउँदै नेपाल एसिया कपमा छनोट

काठमाडौँ, २७ भदौ । तेस्रो संस्करणको एसिसी प्रिमियर कप एकदिवसीय प्रतियोगिताको उपाधि नेपाली पुरुष राष्ट्रिय क्रिकेट टोलीले जितेको छ । शनिबार मलेसियामा सम्पन्न फाइनल खेलमा युनाइटेड अरब इमिरेट्स (युएई) लाई ४४ रनले हराउँदै नेपालले दोस्रोपटक प्रिमियर कपको उपाधि जितेको हो ।

योसँगै नेपाली टोली सन् २०२७ मा बङ्गलादेशमा आयोजना हुने एकदिवसीय एसिया कपमा छनोट भएको छ । नेपालले दोस्रोपटक एसिया कपमा स्थान बनाएको हो । नेपालले यसअघि सन् २०२३ मा युएईलाई नै हराएर एसिया कपमा स्थान बनाएको थियो । गत संस्करणको विजेता बनेको युएई भने एसिया कप २०२७ मा स्थान बनाउन वञ्चित भयो । फाइनल खेलमा नेपालले दिएको ३१४ रनको लक्ष्य पछ्याएको युएई ४९ दशमलव एक ओभरमा २६९ रनमा अलआउट भयो । उसका लागि राहुल चोपराले १०५ बलमा तीन चौका र चार छक्कासहित अविजित १०० रनको पारी खेले पनि जितका लागि पर्याप्त भएन । यस्तै सोयब खानले ५२, तानिस सुरीले ४२, हरप्रीत सिंहले ३३ र खुजैमा तनवीरले १५ रन जोडे । नेपालका लागि बलिङतर्फ करण केसीले तीन, ललितनारायण राजवंशीले दुई, कप्तान सन्दीप लामिछाने, दीपेन्द्रसिंह ऐरी, रोहितकुमार पौडेल र गुलशनकुमार झाले एक/एक विकेट लिए ।

त्यसअघि मलेसियाको क्वालालाम्पुरस्थित बायुमास ओभलको मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा नौ विकेट गुमाएर ३१३ रन बनाएको थियो । नेपालका लागि ओपनर तथा विकेटकिपर आसिफ शेखले शतकीय इनिङ खेले । उनले १०६ बलमा आठ चौका र चार छक्कासहित १०२ रनको इनिङ खेलेका हुन् ।



**कोरला नाकाबाट भित्रिएका 'ईभी'**
नेपाल- चीन उत्तरी कोरला नाकाबाट भन्सार जाँच भई लोघेकर दामोदरकुण्ड-१ चराङमा चार्जिङका लागि रोकिएका विद्युतीय सवारीसधान (ईभी) ।
*तस्बिर : सुन्दरकुमार थकाली/रासस*

# नेपाल- रुस महिला स्रष्टाहरूको द्वैभाषिक कवितासङ्ग्रह 'मातृभूमि र प्रेम' को लोकार्पण




काठमाडौँ, २७ भदौ । नेपाल-रुस साहित्य समाज र रुसी सदन काठमाडौँको आयोजनामा रुस र नेपालका समकालीन महिला स्रष्टाहरूका कविता समेटिएको द्वैभाषिक कवितासङ्ग्रह 'मातृभूमि र प्रेम' को नेपालमा लोकार्पण सम्पन्न भयो ।

कमलपोखरीस्थित रुसी सदनको हलमा सम्पन्न साहित्यिक कार्यक्रममा पुस्तकको विमोचन रुसी दूतावासका रिनचेन राखशायेभ, नेपाल-रुस साहित्य समाजका अध्यक्ष विष्णुबहादुर सिंह, उपाध्यक्ष चन्द्रकान्त आचार्य, रुसी सदनकी निर्देशक अनास्तासिया खोख्लोभा, कवि एवं पत्रकार अभय श्रेष्ठ, कवि, गीतकार, निबन्धकार एवं समालोचक प्रा.डा. गीता त्रिपाठी, नइ एकेडेमीका अध्यक्ष इन्दिरा प्रसाई, वरिष्ठ कवि उषा शेरचन, नेपाल-रुस साहित्य समाजका महासचिव रामबिन्दु श्रेष्ठले संयुक्त रूपमा गर्नुभएको थियो ।

रुस-नेपालबिच कूटनीतिक सम्बन्ध स्थापना भएको ७० औँ वार्षिकोत्सवको अवसरमा प्रकाशित यस पुस्तकमा २० नेपाली र २१ रूसी कवयित्रीका कविताहरू समेटिएका छन् । नेपाली र रूसी भाषामा प्रकाशित यस सङ्ग्रहमा नेपालीतर्फ शकुन्तला जोशी, राधिका कल्पित, अल्का मल्ल, लक्ष्मी माली, सुलोचना मानन्धर, मोमिला, कल्पना पौडेल जिज्ञासु, इन्दिरा प्रसाई, रजनीमिला, प्रगति राई, सुनिता राई कन्दङ्वा, सुष्मा खत्री रञ्जित, लक्ष्मी रुम्बा, नाजकुमारी सिंह, गीता त्रिपाठी, बिमला तुम्खेवा, लक्ष्मी थापा, कुन्ता शर्मा (चौलागाईं), उषा शेरचन, निभा शाहहरूका कविताहरू समेटिएका छन् । महिला, प्रेम, मातृभूमि, शान्ति र मानवीय मूल्यमान्यताहरूमा केन्द्रित यसका विषयवस्तुहरूले दुई देशका आ-आफ्नो विशिष्टता झल्काउनुका साथै साहित्यिक र सांस्कृतिक समबिन्दु र मित्रतालाई प्रतिबिम्बित गर्दछ ।

कार्यक्रमको सुरुमा नेपालसँग सहकार्य र मैत्री समाजको साहित्यिक आयोगकी अध्यक्ष तमारा पत्योम्किनाले मस्कोबाट पठाएको भिडियो अभिवादन प्रदर्शन गरिएको थियो । चन्द्रकान्त आचार्यको स्वागत मन्तव्यबाट सुरु साहित्यिक सत्रमा रामबिन्दु श्रेष्ठले 'मातृभूमि र प्रेम' पुस्तकको इतिहास र तोल्स्तयको विरासतमाथि प्रकाश, प्रा. डा. गीता त्रिपाठी र कवि अभय श्रेष्ठले सङ्ग्रहमाथि समीक्षा गर्नुभएको थियो ।

प्रमुख अतिथि रिन्चेन राखशायेभले यस सङ्ग्रहलाई दुई राष्ट्रबिचको साहित्यिक पुलको रूपमा वर्णन गर्नुभयो भने रुसी सदनकी निर्देशक अनास्तासिया खोख्लोभाले पुस्तकलाई प्रेमको गहिरो अन्वेषण र सकारात्मक परिवर्तनतर्फ प्रेरित गर्ने साहित्यिक शक्तिको रूपमा प्रशंसा गर्नुभयो ।

रुसमा 'मातृभूमि र प्रेम' सङ्ग्रहको विमोचन र समीक्षा अगस्ट ५, २०२६ मा रूसी लेखक सङ्घको वार्षिकोत्सव कार्यक्रमका बिच मस्कोस्थित सङ्घको ह्वाइट हलमा भव्यरूपमा आयोजना भएको थियो ।

नेपाल-रुस साहित्य समाज र विश्व नेपाली साहित्य महासङ्घको सहकार्यमा रुस नेपाल सहकार्य तथा मैत्री समाज ( रुनेसमैस) बाट प्रकाशित यो पुस्तकको संयोजन तथा सम्पादन रूसी लेखिका तथा रुनेसमैस साहित्यिक आयोगकी अध्यक्ष तमारा पत्योम्किनाले गर्नुभएको थियो । नेपाली र रूसी नारी स्रष्टाका सिर्जनालाई एउटै सङ्ग्रहमा समेटेर उहाँले दुई देशबिचको साहित्यिक आत्मीयताको एउटा सुन्दर सेतु निर्माण गर्नुभएको छ ।

यस सङ्ग्रहको नेपालीमा अनुवाद रामबिन्दु श्रेष्ठ, दीपेश दाहाल गगन, सन्तोष पोखरेल, नाज सिंह, धनञ्जय श्रेष्ठ, गोविन्दप्रसाद गौतम, कला दाहाल पोखरेल, पूर्णिमा भट्टराई, रूपेश ठाडा मगर, लिलिया स्ट्रलत्सोवा, मारिया लितेइलोभा, दीनानाथ राजभण्डारीहरूको टोलीले गरेको हो ।

कार्यक्रमको अर्को आकर्षण महान् रूसी लेखक लेभ तोल्स्तोयको १९८ औँ जन्मजयन्तीको अवसरमा उहाँको व्यक्तित्व र कृतित्व बारेमा वक्ताहरूले स्मरण गर्नुभयो ।

कार्यक्रमको सञ्चालन रुसी सांस्कृतिक केन्द्रकी भावना न्यौपानेले गर्नुभएको थियो । सभापतिको आसनबाट अध्यक्ष विष्णुबहादुर सिंहले नेपाल र रुसबिचको साहित्यिक सम्बन्ध दिगो संवाद, अनुवाद र सहकार्यतर्फ जानुपर्नेमा जोड दिँदै धन्यवाद ज्ञापनसहित समापन गर्नुभएको थियो ।

'मातृभूमि र प्रेम' कवितासङ्ग्रह मात्र नभई दुई देशका नारी स्रष्टाहरूका सिर्जनामार्फत जोडिएको साहित्यिक, सांस्कृतिक र भावनात्मक सम्बन्धको एउटा सुन्दर दस्ताबेज हो भन्ने वक्ताहरूको राय थियो ।

सङ्ग्रहका स्रष्टाहरू तथा साहित्यानुरागीहरू र विभिन्न क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति रहेको उक्त लोकार्पण समारोह आफैमा भव्य र सभ्य थियो र यो नेपाल र रुसको दुई देशबिचको मित्रताको इतिहासमा महत्त्वपूर्ण घट्ना पनि हो ।

साहित्यले जोडेको नेपाल-रुसबिचको यो आत्मीय सम्बन्ध अझ गहिरिँदै जाओस्, साहित्यिक तथा सांस्कृतिक मैत्री अझ सुदृढ हुँदै जाओस् ।

# स्रोत नखुलेको रकमसहित भारतीय नागरिक पक्राउ

वीरगञ्ज (पर्सा), २७ भदौ । स्रोत नखुलेको भारतीय मुद्रासहित यहाँ एक जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लका अनुसार भारु चार लाख ५० हजारसहित भारतको मोतीहारी पलानवा थाना-१० का ५५ वर्षीय अशोक कुमारलाई शनिबार पक्राउ गरिएको हो ।

नियमित गस्तीमा रहेको प्रहरी टोलीले मोटरसाइकलको डिक्कीमा लुकाइएका रु. ५०० दरका ८९१ थान, रु. २०० दरका नोट र रु. १०० दरका ४३ थान नोट बरामद गरेको उहाँले जानकारी दिनुभयो । निजलाई हिरासतमा राखेर अनुसन्धान थालिएको छ । ***रासस***

। सम्पादकीय ।

# राजविराजको सुत्केरी काण्डमा 'साना कर्मचारी शिकार' !

रास्वपाले निर्वाचनको बेला पैसा नहुनेलाई शिक्षा र स्वास्थ्य उपचारको बन्दोबस्त गर्ने दाबी गरेको थियो । रास्वपाको सरकार बनेको दुई सय दिन पुग्यो । तर, रास्वपा सरकारले आफ्नो बाचा पूरा गरेन । राजविराजकी ३० वर्षीया बबिताकुमारी पासवानलाई ३२ सय रूपैयाँ नहुँदा गजेन्द्रनारायण सिंह अस्पतालको बाहिर सडकमा बच्चा जन्माउन बाध्य पारियो । यतिबेला बिरामीले खर्च तिर्न नसके स्वास्थ्य संस्थाले सेवा अस्वीकार गर्न मिल्छ कि मिल्दैन भन्ने प्रश्न रास्वपा सरकारतर्फ तेर्सिएको छ ।

जेनजी प्रदर्शनपछि सुशीला कार्की नेतृत्वको सरकारमा स्वास्थ्यमन्त्री भएकी डा. सुधा शर्माले भनिन्, "यो क्रूर, अमानवीय र आपराधिक काम हो ।" त्यसो भए आफू सरकारमा मन्त्री हुँदा डा. शर्माले यस्तो घटनालाई सम्बोधन हुने गरी कानुनी व्यवस्था के कस्तो गरिन् त ? नि:शुल्क आमा सुरक्षाभित्र के कस्तो बिरामीको सेवा हुने हो र नगर्नेलाई के कस्तो कारबाही हुने हो सरकारमा बसेकाहरूले स्पष्ट पार्नु जरूरी छैन र ? पुँजीवादी सरकार जुनसुकै पार्टीको गठन भए पनि हुने यस्तै हो । हिजो नेका, एमाले, तत्कालीन माओवादी र राप्रपाको नेतृत्वको सरकारमा पनि यस्तै भएको किन होइन ?

बबिता सुत्केरी छानबिन गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले उपचारात्मक महाशाखाका प्रमुख डा. किरणजंग रायमाझीको नेतृत्वमा, जिल्ला प्रशासन कार्यालय सप्तरीले जिल्ला स्वास्थ्य कार्यालय प्रमुख डा. सतिशकुमार यादवको नेतृत्वमा र मधेस प्रदेश सरकारले सामाजिक न्याय समिति सदस्य किरणकुमारी साहको नेतृत्वमा छुट्टाछुट्टै छानिबन समिति गठन गरे । अस्पताल प्रशासनले घटनाका दिन प्रसूति गृहमा सेवारत छ जनालाई निलम्बन पनि गरेको सार्वजनिक भयो । रास्वपासमेत अघिल्ला सरकारहरूले कतिपय घटनाबारे छानबिन समिति गठन गरे तर कसैलाई कारबाही भएको पत्तो भएन ।

नेपाली उपभोक्तालाई खाना पकाउने ग्यास आपूर्ति गर्न नसकेकी रास्वपा सरकारका मन्त्री गौरीकुमारी यादवले भदौ २५ गते बुधबार राजीनामा दिइन् । गत वर्ष भदौ २३ गते निहत्था जनताको हत्या भएपछि तत्कालीन गृहमन्त्री रमेश लेखकले राजीनामा दिएका थिए भने त्यसको भोलिपल्ट देशभरि नै आगजनी भएपछि एमालेका प्रधानमन्त्री केपी ओलीले पनि राजीनामा दिए । तीन तीन ओटा छानबिन समिति गठन गर्नुपर्ने अवस्थामा पुगेको बबिताको सुत्केरी काण्डमा के स्वास्थ्यमन्त्री मेहताको राजीनामा जरूरी छैन र ?

निर्दलीय पञ्चायती व्यवस्थाविरूद्धको २०४६ सालको जनआन्दोलनमा दोस्रो विश्व युद्धमा प्रतिबन्धित गोली बर्साइएपछि बहुदलीय व्यवस्था पुन:स्थापना भयो । प्रतिगमनविरोधी जनआन्दोलन २०६२।६३ मा दमन भएपछि तत्कालीन राजा ज्ञानेन्द्रलाई प्रतिनिधिसभा पुन:स्थापना गर्नुपर्ने अवस्था भयो । भोटेकोसी हिमपहिरोबारे सूचना पुगिसकेपछि पनि तटीय क्षेत्र जोगाउन नसक्ने रास्वपा सरकार के सिंहदरबारमा टाँसिरहन मिल्छ ? सुनसरी र सिराहामा दुई महिनाअगाडि भएको घटनामा ४ जनाको ज्यान गएको तर सम्बन्धितको पक्षमा राजीनामा किन आएन ?

रास्वपा सरकारले हिमपहिरो पीडित जनताको खोज, उद्धार, राहत र पुन:स्थापनामा ढिलो गरेको गुनासोबारे जिम्मेवारी लिनुपर्दैन र ? हिमपहिरोको सूचना समयमा प्रभावकारी रूपमा प्रवाह नहुँदा हालसम्म मृतकको सङ्ख्या १,३८५ पुगेको र बेपत्ता ५१३० पुगेको होइन र ? के बबिताको सुत्केरी काण्डमा रास्वपा सरकारले साना स्वास्थ्यकर्मी, चौकीदार र सफाइ मजदुरलाई निलम्बन गरेर आफू साखुल्ले बन्न मिल्छ र ? साना कर्मचारीले सरकारकै निर्देशन र निर्णयअनुसार काम गर्ने होइन र ?

# नेपालमा हिमतालको जोखिम
# हामी सिरानीमा बम राखेर सुतिरहेका छौँ

✍ रतन भण्डारी

हिमालय पर्वतमाला टाढाबाट जति सुन्दर देखिन्छ, नजिकबाट हेर्दा त्योसँग जोडिएका जोखिमहरू त्यत्तिकै गम्भीर र संवेदनशील छन् । हिमाच्छादित हिमशृङ्खला, हिमनदी र हिमताल सौन्दर्यका दृष्टिले जति आकर्षक छन्, तिनले निम्त्याउन सक्ने प्राकृतिक विपद् उत्तिकै डरलाग्दा र जोखिमपूर्ण छन् ।

नेपालको सन्दर्भमा हिमालय र त्यससँग जोडिएका हिमताल, हिमनदी तथा हिमालयबाट उद्गमित नदी प्रणाली तल्लो तटीय क्षेत्रका बासिन्दा र समग्र प्राणी जगतका लागि जीवनदाता हुन् । प्रकृतिका यी वरदानसँग मानव जीवन र जीवनस्तर जोडिएको छ । जलचर, थलचर तथा समग्र पारिस्थितिकीय प्रणाली पनि यसैसँग अभिन्न रूपमा जोडिएका छन् ।

त्यसैले हिमालय क्षेत्रमा रहेका हिमताल र हिमनदीमा आउने कुनै पनि विपद्को असर तल्लो तटीय क्षेत्रमा भयावह हुन सक्छ । हिमपहिरो, हिमताल विस्फोट तथा त्यसबाट उत्पन्न बाढी र पहिरोजस्ता प्रकोपले मानव बस्ती, कृषि प्रणाली, सडक तथा यातायात, भौतिक पूर्वाधार, जलविद्युत् आयोजना, विद्युत् प्रसारण लाइन र सञ्चार प्रणालीलगायतका संरचनामा गम्भीर क्षति पुऱ्याउँदै आएका छन् । यसका साथै नदी प्रणालीसँग जोडिएका जलचर, वन्यजन्तु तथा तिनका बासस्थानमा समेत गम्भीर असर पर्ने गरेको छ ।

प्रकृतिमाथि बढ्दो मानवीय हस्तक्षेप, जलवायु परिवर्तन र मानवसिर्जित विश्वव्यापी तापवृद्धि अर्थात् ग्लोबल वार्मिङका कारण हिमताल विस्फोटका सम्भावना दिनानुदिन बढ्दै गएको छ । हिमनदीहरू तीव्र रूपमा पग्लिँदै छन् र हिमपहिरोको जोखिम पनि बढ्दै गएको छ । हिमाली क्षेत्रमा उत्पन्न हुने यस्ता विपद्को असर त्यसभन्दा तलका भेगका बासिन्दाले समेत उत्तिकै भोग्नु परिरहेको छ ।

हिमपहिरो, हिमताल विस्फोटलगायतका कारण सिर्जित विपद्को सबैभन्दा ठुलो मार नदी तटीय क्षेत्रका बासिन्दाले बेहोर्नुपरेको छ । दर्जनौँ हिमताल जोखिमको सूचीमा रहेको अवस्थामा हामी वास्तवमै सिरानीमा बम राखेर सुतिरहेका छौँ । त्यो बम कतिखेर पड्किने हो, कसैलाई थाहा छैन ।

**समस्या प्राकृतिकभन्दा मानवीय बढी**

हिमाली क्षेत्रमा देखापरेको पछिल्लो समस्या प्राकृतिकभन्दा कृत्रिम अर्थात् मानवीय कारणसँग बढी जोडिएको छ । यसको प्रमुख कारणमध्ये मानवसिर्जित जलवायु परिवर्तन हो ।

पृथ्वीको उत्पत्ति भएको करिब ४ अर्ब ५४ करोड वर्षको इतिहासमा जलवायु परिवर्तन प्राकृतिक प्रक्रियाको रूपमा हुँदै आएको भए पनि पछिल्ला शताब्दीमा मानव गतिविधिका कारण यसको गति र प्रभाव अस्वाभाविक रूपमा बढेको छ । विगत करिब २६६ वर्षदेखि औद्योगिक क्रान्तिका नाममा विकसित तथा औद्योगिक मुलुकहरूले ठुलो मात्रामा हरितगृह ग्यास उत्सर्जन गर्दै आएका छन् । त्यसको प्रत्यक्ष असर नेपालजस्ता न्यून कार्बन उत्सर्जन गर्ने मुलुकहरूले समेत भोगिरहेका छन् ।

यसकै एउटा परिणाम हिमालय क्षेत्रमा देखिएको हिमनदी पग्लिने क्रम, हिमतालको विस्तार, हिमताल विस्फोटको बढ्दो जोखिम तथा हिमपहिरो हो । हिमालय क्षेत्रका मुलुकहरूले जलवायु परिवर्तनका कारण सिर्जित यस्ता जोखिमसँगै थप प्राकृतिक विपद्को सामना गर्नु परिरहेको छ ।

त्यसैले नेपालको हिमाली क्षेत्रमा देखिएको समस्या केवल 'हिमालयको समस्या' होइन । यो समग्र मुलुक र अन्तत: विश्वकै समस्या हो । नेपालको हकमा यो मुलुकको जनजीवन, कृषि, पर्यावरण, विकास निर्माण र राष्ट्रिय सुरक्षासँग समेत जोडिएको गम्भीर सवाल हो ।

**जोखिम बढ्दै छ, तयारी कहाँ छ ?**

एकातिर हिमाली क्षेत्रमा उल्लिखित जोखिम दिनानुदिन बढिरहेका छन्, अर्कोतिर ती जोखिम न्यूनीकरणका लागि सरकारसँग पर्याप्त ठोस योजना र प्रभावकारी संयन्त्र देखिँदैन । स्पष्ट नीति र समन्वित कार्ययोजनाको अभाव छ । नदी प्रणालीलाई समग्र रूपमा हेर्ने स्पष्ट कानुनी व्यवस्था पनि छैन ।

आज हामीले पुर्खाहरूको रैथाने ज्ञानलाई समेत बेवास्ता गरेका छौँ । पहिले डाँडा र तुलनात्मक रूपमा सुरक्षित स्थानमा रहेका बस्ती क्रमश: नदी किनारातिर सरेका छन् । हाम्रा पुर्खाहरूले नदी किनारालाई उत्पादनको स्रोतका रूपमा प्रयोग गरे, तर स्थायी बस्तीका लागि त्यस्ता स्थानलाई प्राथमिकता दिएनन् । नदी किनार बाढी र कटानको जोखिममा रहने भएकोले उनीहरूले सुरक्षित स्थान रोजेका थिए ।

तर पछिल्लो समय विकास निर्माणका नाममा सडकहरू नदी किनारबाट निर्माण गर्न थालिए । जहाँ सडक पुग्यो, त्यहीँ बस्ती विस्तार हुन थाल्यो । डाँडाका बस्तीसमेत सडक यातायातको सुविधाका कारण नदी तटमा ओर्लिए । बस्ती बाक्लिँदै गयो र नदी मानवीय अतिक्रमणमा पर्दै गए ।

नदी तटका उर्वर जमिन, जहाँ अन्न उत्पादन हुन्थ्यो, क्रमश: कङ्क्रिटका संरचनाले ढाकिए । कृषि भूमि आवास र बजारमा परिणत भयो । यसले खाद्यान्नमा परनिर्भरता बढाउनुका साथै जोखिम पनि बढायो ।

बजार, शिक्षा, स्वास्थ्य, यातायात र सञ्चारलगायतका पूर्वाधार विस्तार हुँदै जाँदा ती क्षेत्रले सहरीकरणको रूप धारण गरे । तर, कुनै पनि बेला आउन सक्ने बाढी तथा अन्य विपद्को सम्भावनालाई ध्यानमा राखेर न सरकारले नदी तटको प्रयोगसम्बन्धी प्रभावकारी नीति अघि सार्‍यो, न त जनस्तरमा सम्भावित जोखिमप्रति पर्याप्त सचेतना नै विकास भयो ।

फलत: २०७८ असार १ गतेको मेलम्ची बाढी र गत भदौ १० गते रसुवा-नुवाकोटमा आएको अकल्पनीय बाढीको सामना गर्नुपर्‍यो ।

**विपत्ति आउनु मात्र समस्या होइन**

नेपालको समस्या विपत्ति आउनु मात्र होइन । विपत्ति आउन सक्ने ठाउँ पहिचान हुँदाहुँदै पनि त्यहाँ जोखिम थप्दै जानु हाम्रो ठूलो समस्या हो ।

हामीकहाँ हरेक बाढीपछि नदीलाई दोष दिने चलन छ । पहिरोपछि वर्षालाई दोष दिइन्छ । बाढी, पहिरो, हिमताल विस्फोट वा भूकम्पपछि केही दिन उद्धार र राहत वितरणको नाटक मञ्चन हुन्छ । क्षतिको विवरण सङ्कलन हुन्छ । सरकारले समिति बनाउँछ । मन्त्री, प्रधानमन्त्री तथा नेताहरू प्रभावित क्षेत्रको भ्रमण गर्छन् ।

तर, वास्तविक पीडितको उचित र दीर्घकालीन पुनर्स्थापना हुन सक्दैन । ऊ अन्तत: सुकुमवासीमा परिणत हुन पुग्छ । घटना बिस्तारै स्मृतिबाट हराउँदै जान्छ । तर, अर्को वर्ष वा केही वर्षपछि उस्तै प्रकृतिको अर्को विपत्ति आइलाग्छ र फेरि उही प्रश्नहरू अगाडि तेर्सिन्छन् ।

**विपद्लाई हेर्ने दृष्टिकोणमै खोट**

हामीकहाँ विपत्तिलाई हेर्ने दृष्टिकोणमै त्रुटि छ । अझ सरकारी स्तरमै विपद्लाई 'दैवी प्रकोप' भन्ने गरिएको छ । नेपालमा अझै पनि 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' जस्ता नाम प्रचलनमा छन् ।

तर, यस्ता विपद्का घटना कुनै देवीदेवता वा दैवले घटाउने परिघटना होइनन् । यी प्राकृतिक प्रक्रिया हुन्, जसको प्रभाव मानवीय गतिविधिका कारण अझ भयावह बन्न सक्छ । कुनै देवता वा भगवान् रिसाएर बाढी, पहिरो वा हिमताल विस्फोट हुने होइन ।

विपद्लाई 'दैवी प्रकोप' का रूपमा व्याख्या गर्ने मानसिकता परिवर्तन गर्न आवश्यक छ । नाम परिवर्तन गर्न नसक्नुले पनि हाम्रो सोच र काम गर्ने शैलीमा अझै पुरानै मानसिकता हाबी रहेको देखाउँछ ।

**विपद् नियन्त्रण होइन, क्षति न्यूनीकरण**

नेपाल सरकारले एकातिर प्राकृतिक विपद्लाई दैवी प्रकोप भन्ने गरेको छ भने अर्कोतिर सरकारी योजनामा 'बाढी नियन्त्रण' जस्ता शब्द प्रयोग गर्ने गरेको पाइन्छ ।

बुझ्नुपर्ने कुरा के हो भने बाढी, भूकम्प र पहिरोजस्ता प्राकृतिक प्रकोपलाई पूर्ण रूपमा नियन्त्रण गर्न सकिँदैन । तर, तिनबाट हुने मानवीय तथा भौतिक क्षति भने उचित योजना, पूर्वतयारी, जोखिम पहिचान र व्यवस्थापनमार्फत न्यूनीकरण गर्न सकिन्छ ।

त्यसैले, सरकार र जनस्तरमा विपद् नियन्त्रणभन्दा क्षति न्यूनीकरणको अवधारणाअनुसार अघि बढ्न आवश्यक छ ।

राज्यले नदी तटमा अनियन्त्रित बस्ती विस्तार रोक्नुपर्छ । जनताले पनि जोखिम थाहा हुँदाहुँदै आफूखुसी नदी छेउमा घर बनाउने प्रवृत्ति त्याग्नुपर्छ । तर, अहिले हामी नदी तटीय जोखिमबारे जानकार हुँदाहुँदै त्यहीँ बस्ती बसाइरहेका छौँ र घर बनाइरहेका छौँ ।

सरकारले समेत सडक तथा अन्य विकास निर्माणका पूर्वाधारका लागि नदी किनारालाई प्राथमिकता दिने गरेको छ । आज मुलुकका अधिकांश मुख्य सडक नदी किनार हुँदै निर्माण भएका छन् । नदीसँगै जोडेर सडक निर्माण गरिएका छन् । तर, नदी र सडकबिच कति दूरी कायम गर्नुपर्ने भन्ने स्पष्ट र प्रभावकारी सरकारी नीति छैन ।

नदीको होचो भूभागमा पुल निर्माण गर्दा बाढीका कारण पुल बग्ने गरेका छन् । त्यसैले यी सबै पक्षलाई मध्यनजर गर्दै नेपाल सरकारले विपद् व्यवस्थापनबारे नयाँ बहस सुरु गर्न ढिलो भइसकेको छ ।

अब जति ढिलो भयो भयो, त्यही गल्ती दोहोर्‍याउनु हुँदैन । विपद् व्यवस्थापनका विषयमा गम्भीर र दीर्घकालीन बहस सुरु गर्नुपर्छ ।

**विकासको मोडेल पनि जिम्मेवार**

विपद् व्यवस्थापनको समस्या प्राकृतिक जोखिममा मात्र सीमित छैन । प्राकृतिक चुनौतीसँगै हामीले अवलम्बन गरेको विकासको मोडेल पनि उत्तिकै जिम्मेवार छ ।

दुई दशकअघिसम्म धान फल्ने पहेँला खेत आज कङ्क्रिटको जङ्गलमा परिणत भएका छन् । पक्की घर बनेका छन् । बजारीकरण तीव्र भएको छ । मानवीय अतिक्रमणका कारण नदीको प्राकृतिक मार्ग खुम्चिएको छ । नदीनालाको बहावमा परिवर्तन आएको छ ।

तटबन्ध बनाएर नदीलाई कज्याउने प्रयास गरिएको छ । घुमेर बग्ने नदीलाई सोझ्याइएको छ । यसको परिणामस्वरूप ती क्षेत्रले डुबान र कटानको समस्यासमेत सामना गरिरहेका छन् ।

प्रकृतिको आफ्नै बहाव र मार्ग हुन्छ । त्यसलाई अवरोध गरेर वा आफ्नो सुविधाअनुसार परिवर्तन गरेर मात्र जोखिमबाट बच्न सकिँदैन । बरु, यसले भविष्यमा थप ठुलो जोखिम निम्त्याउन सक्छ ।

**विगतबाट नसिक्दा थप क्षति**

२०७८ असार १ गतेको मेलम्ची बाढीपछि नदी किनारका बस्तीका सम्बन्धमा प्रश्न नउठेको होइन । उक्त विषयमा बहस पनि भयो । तर त्यो बहसले निरन्तरता पाएन । नीति निर्माण तहमा त्यसको प्रभावकारी रूपान्तरण हुन सकेन ।

हामीले चार-पाँच वर्षमै त्यो समस्या बिर्सियौँ ।

२०७२ को भूकम्पपछि सुरक्षित बस्ती, भूकम्प प्रतिरोधी संरचना र विपद् तयारीका ठुलाठुला कुरा भए । भूकम्प जाँदा यस्तो लाग्थ्यो, अब काठमाडौँमा कोही बस्दैन होला । तर, समय बित्दै जाँदा हामी फेरि पुरानै ढर्रामा फर्कियौँ ।

भूकम्पको त्यतिबेलाको त्रासदी अहिले धेरैको मनमस्तिष्कबाट हराइसकेको छ ।

विपत्ति आउँदा तात्ने र विपत्ति टरेपछि सबै कुरा बिर्सने प्रवृत्ति नै नेपालको विपद् व्यवस्थापनको सबैभन्दा ठुलो कमजोरी हो ।

**नीति र कानुनको अभाव**

नेपालसँग विपद् जोखिम न्यूनीकरणसम्बन्धी नीति, कानुन र रणनीति नभएका होइनन् । तर, दाता निर्देशित र निर्मित नीति तथा रणनीतिहरू आफैँमा पूर्ण छैनन् । तिनले समग्र क्षेत्रलाई समेट्न सकेका छैनन् ।

नेपालमा ६ हजारभन्दा बढी नदीनाला छन् भनिए पनि नदीलाई मात्र केन्द्रमा राखेर बनाइएको छुट्टै ऐन वा नियमावली छैन । नेपालका नदीनालालाई हेर्ने प्रमुख कानुनी आधार जलस्रोत ऐन र नियमावली हो । तर जलस्रोतले समग्र क्षेत्र समेट्ने भएकोले नदी पनि त्यसैभित्र समेटिएको छ ।

नदी जलस्रोतको एउटा प्रमुख हिस्सा मात्र होइन, जीवन, पर्यावरण, कृषि, पूर्वाधार र विकाससँग जोडिएको आधार हो । विडम्बना, सबैभन्दा बढी अतिक्रमण पनि नदीले नै बेहोर्नुपरेको छ । विपद् पनि नदीसँग जोडिन्छ र लाभ पनि नदीबाटै प्राप्त हुन्छ । तर, नदीलाई समग्र रूपमा हेर्ने छुट्टै कानुनी व्यवस्था अझै छैन ।

विकास निर्माण, पूर्वाधार, सडक, नहर, भौतिक संरचना तथा मानव बस्ती नदीदेखि कति दूरीमा निर्माण गर्ने भन्ने स्पष्ट कानुनी व्यवस्था आवश्यक छ ।

जोखिम र विपद्को दीगो व्यवस्थापनका लागि नदीसम्बन्धी छुट्टै कानुन ल्याइनुपर्छ । नेपाल सरकारले नदीसँगै जोडेर सडक निर्माण गर्ने परिपाटी पनि परिवर्तन गर्नुपर्छ ।

पछिल्ला बाढीका घटनाले नदी किनारका सडक कति जोखिमपूर्ण छन् भन्ने पुष्टि गरिसकेका छन् । त्यसैले, भोलिका दिनमा नदी किनारबाटै सडक निर्माण गर्नुपर्ने अवस्था आएमा रसुवा-भोटेकोसीको पछिल्लो बाढीलाई समेत मध्यनजर गर्दै सकेसम्म नदी किनारबाहिरबाट र नसके नदी किनारबाट कम्तीमा एक किलोमिटर दूरी कायम गरेर सडक निर्माण गर्ने नीति आवश्यक छ ।

अन्य पूर्वाधार र बस्तीका हकमा पनि जोखिमको प्रकृतिअनुसार पर्याप्त दूरी कायम हुने कानुनी व्यवस्था लागू गरिनुपर्छ ।

*बाँकी पृष्ठ ७ मा*

# विश्वका तीन अरबभन्दा बढी जनता भोक र प्यासको कारण वयस्कपूर्व नै हुने मृत्युको निन्दा गर्दै छन्

***- ग्रान्मा पत्रिकामा छापिएको फिडेल क्यास्ट्रोद्वारा लिखित लेख ।***

यो बढाइँचढाइ होइन, न त परम्परागत तथ्याङ्क नै हो । राष्ट्रपति बुशद्वारा अमेरिकी मोटर कम्पनीहरूसँगको बैठकपछि मैले केही लामो समय मनन गरेँ ।

गत मार्च २६, सोमबार खाद्य सामग्रीलाई इन्धन बनाउने दुष्ट (पापी) विचार, निश्चित रूपमा अमेरिकी विदेश नीतिको एक आर्थिक रणनीतिको रूपमा स्थापित भएको थियो ।

अमेरिकी तार सञ्चार सेवा एपी (AP) द्वारा प्रकाशित, विश्वव्यापी प्रभाव छ, जो यसप्रकार छ -

वासिङटन (एपी) मार्च २६, राष्ट्रपति बुशले आफ्नो ऊर्जा योजनालाई उत्साहपूर्ण समर्थन गर्न इथानोल वा रक्सी (Ethanol) र जैविक डिजेल (Biodiesel) जस्ता 'लचकदार इन्धन' (Flexible Fuel) बाट चल्ने गाडीहरूको फाइदाका बारेमा मोटर निर्माणकर्ताहरूमाफ सोमबारको बैठकमा मरिहत्ते गरे । बुशले भने कि आन्तरिक मोटर उत्पादकहरूले आफ्नो वाचाअनुसार जैविक इन्धनबाट चल्ने गाडीको दोब्बर उत्पादनले मोटरचालकलाई पेट्रोलको प्रयोगबाट विस्थापन गर्छ र तेल निर्यातमा हुने राष्ट्रिय खर्च घटाउँछ ।

'यो देशको निम्ति प्रमुख प्राविधिक सफलता हो ।' तीनवटा वैकल्पिक गाडीहरूको निरीक्षणपछि बुसले भने- "यदि देशले पेट्रोलको प्रयोग घटाउन चाहन्छ भने ग्राहकको स्थिति विवेकपूर्ण छनोट गर्ने अवस्थामा पुग्नुपर्छ ।"

राष्ट्रपति यस विषयमा 'चाँडोभन्दा चाँडो' कानुनको व्यवस्था गर्न काङ्ग्रेसलाई दबाब दिदै छन् । भर्खरैमात्र सन् २०१७ सम्ममा ३५ अरब ग्यालोन वैकल्पिक ऊर्जाको प्रयोग गर्नुपर्ने र गाडीहरूको निम्ति अधिकतम इन्धन मितव्ययिता निर्दिष्ट गर्नुपर्ने प्रस्ताव राखेको थियो ।

बुशले जेनेरल मोटर कम्पनीका अध्यक्ष एवं प्रबन्ध प्रमुख रिक वागोनर (Rick Wagoner), फोर्ड मोटर कम्पनीका प्रमुख प्रबन्धक एलान मुलाली (Alan Mulally) र डायम्लर क्राइस्लर समूहका प्रमुख प्रबन्धक टम ला सोर्डा (Tom La Sorda) सँग भेट गरे । तिनीहरूले जैविक ऊर्जाबाट चल्ने गाडीको समर्थन गर्ने, घाँस र काठका टुक्राहरूबाट इथानोल उत्पादन गर्न कोसिस गर्ने र १० वर्षभित्र २० प्रतिशतले ग्यासको उपभोग कम गर्ने प्रशासनको प्रस्तावका विषयमा छलफल गरे ।

छलफल पेट्रोलियम पदार्थको मूल्यवृद्धिमा केन्द्रित थियो । पछिल्लो लुन्डवर्ग सर्भे ( Lundberg Survey) बाट के थाहा भएको थियो भने औसत दुई हप्तामा देशव्यापी रूपमा पेट्रोलियम पदार्थमा प्रतिग्यालोन ६ सेन्ट (पैसा) देखि २.६१ डलरसम्म मूल्यवृद्धि भएको थियो ।

मेरो विचारमा सबैखाले इन्धनको प्रयोग घटाउनु पुनः उत्पादन गर्नु र विद्युत्बाट इन्जिन सञ्चालन गर्नु सबैखाले मानवताको निम्ति अति महत्त्वपूर्ण तत्त्व हो । इन्धनको लागत घटाउनेमा हाम्रो विमति होइन बरु खाद्य सामग्रीलाई इन्धन बनाउने सोचमा हो ।

वास्तविकता हामीलाई के थाहा छ भने एक टन (१००० केजी) मकैबाट औसतमा ४१३ लिटर इथानोल उत्पादन हुन्छ । यो अङ्क पछिल्लो घनत्वको आधारमा फरक हुनसक्छ ।

संरा अमेरिकी बन्दरगाहमा मकैको मूल्य औसतमा प्रतिटन १६७ डलर छ । ३५ अरब ग्यालोन इथानोल उत्पादन गर्न ३२ करोड टन मकै आवश्यक पर्छ ।

विश्व खाद्य संस्थान (FAO) का अनुसार अमेरिकी मकै उत्पादन सन् २००५ मा २८ करोड दुई लाख टन थियो ।

राष्ट्रपति घास र काठका टुक्राबाट जैविक इन्धन उत्पादन गर्ने कुरा गरिरहे पनि कुनै पनि साधारण व्यक्ति बुझ्न सक्छ यी शब्दहरू वास्तविकताबाट निकै टाढा छन् ।

ध्यान दिएर सुन्नुहोस्, ३५ अरब ग्यालोन अर्थात् ३५ को पछाडि नौ वटा शून्यहरू !

एउटा सुन्दर उदाहरण प्रस्तुत गरिएको छ, प्रतिहेक्टरमा किसानले पाउने उत्पादनका बारे एकजना अनुभवी र पूर्ण सङ्गठित अमेरिकी किसान आफ्नो मकैको उत्पादनलाई इथानोल बनाउँछ, इथानोल उत्पादनपछि बाँकी रहेको कसर जनावरलाई खाद्यको रूपमा प्रयोग गरिन्छ । जसमा २६ प्रतिशत प्रोटिन हुन्छ । यसबाट प्राप्त मललाई जैविक ग्यास (Bio gas) उत्पादन गर्ने कच्चा पदार्थको रूपमा प्रयोग गर्न सकिन्छ । साँच्चिकै यी सबै कार्य अति ठुलो लगानीबाट मात्र सम्भव छ । त्यसमा सबभन्दा शक्तिशाली कम्पनीहरूले मात्र लगानी गर्न सक्छन् । जसका कार्यहरू विद्युत् वा इन्धनको उपभोगको आधारमा सञ्चालित हुन्छ । मानौ यो सूत्र तेस्रो विश्वमा लागू गरियो, विश्वले के देख्नेछ, यस ग्रहका के कति भोका जनता मकै उपभोग गर्नबाट वञ्चित हुनेछन् । सस्तो भद्दा कुरा मकैबाट इथानोल अथवा अन्य कुनै खाद्य सामग्रीबाट उत्पादन गर्न न केही आर्थिक सहयोग पाउनेछ न त धेरै चाँडो त्यहाँ जलवायु परिवर्तनबाट मानवताको रक्षा गर्न एउटा रुख पनि उभिएको हुने पाउनेछ ।

अर्कोतिर धनी राष्ट्रहरू मकै होइन गहुँ, सूर्यमुखी फूलका बीउ, तोरी र अन्य खाद्यपर्दाथबाट इन्धन उत्पादन गर्ने योजना बनाइरहेका छन् । युरोपेलीहरूको निम्ति विश्वको सबै भटमास आयात गरी गाडीको इन्धनको खर्च घटाउनु एउटा राम्रो व्यापार हुनसक्छ, जसले तिनीहरूका जनावरहरूलाई उच्च कोटीको प्रोटिन र एमिनो एसिड (Amino acid) युक्त खाद्यपदार्थ दिन्छ ।

क्युवामा इथानोल उखुबाट तीन पटकसम्म रस निकालेपछि मात्र उत्पादन गरिन्छ । जलवायु परिवर्तनले धेरै अघिदेखि हाम्रो उखु उत्पादनमा प्रभाव पारिरहेको छ । एक एक वर्ष बिराएर हुने चरम सुख्खा र अति वर्षाले देशलाई प्रशस्त उखु उत्पादन गर्न कठिन बनाएको छ । मध्य जाडो याममा १००० दिनको अवधिमै उत्पादन ठिक्कको हुन्छ । त्यसैकारण, हामी क्युवामा प्रतिटन उखुबाट कम चिनी उत्पादन गरिरहेका छौँ । साथै प्रतिहेक्टर जमिनबाट उत्पादन हुने उखु पनि रोपाइँ र कटान गर्ने समयमा हुने सुख्खाबाट घट्दो छ ।

म के बुझ्छु भने भेनेजुयलाले इथानोल निर्यात गर्दैन, उसले त्यसलाई आफ्नो इन्धन र वातावरणको सुरक्षा सुधार्न प्रयोग गर्नेछ । ब्राजिलले निकालेको योजनाले इथानोल उत्पादन गर्ने अति उत्तम प्रविधिका पछि पर्न क्युवाले त्यसको प्रयोगबाट उखुको रसको इयानोल उत्पादन गर्ने कुरा अरु केही नभई सपना हो, त्यस्तो मनोरञ्जन गर्ने विचार राख्नेहरूको धुर्त्याइँ हो । हामी देशमा जमिन इथानोल उत्पादन गर्न समर्पण गर्नुभन्दा जनता र वातावरण सुरक्षाको निम्ति खाद्यपदार्थ उत्पादनमा प्रयोग गर्नुमा राम्रो देख्छौँ ।

बिनाकुनै अपवाद विश्वका सबै देशहरू चाहे धनी होस् वा गरिबले यदि साधारण (Incandescent) चीमको सट्टामा ट्युबलाइट ( Fluroscent) चीम प्रयोग गरेमा खरबौँ डलरको लगानी र इन्धन बचाउन सक्छ । यो कार्य क्युवाले आफ्नो सबै आवास क्षेत्रमा गरेको छ । यस कार्यले पृथ्वीका लाखौँ करोडौँ गरिब जनतालाई भोकबाट हुने मृत्यु र जलवायुको परिवर्तनको प्रभावलाई नियन्त्रण गर्न सक्षम बनाउन सहज बनाउनेछ ।

तपाईँ देख्न सक्नुहुन्छ, मैले कुनै प्रणाली वा विश्वका मालिक बनेकाहरूको व्याख्या गर्न कुनै विशेषण प्रयोग गरिरहेको छैन । सूचना विशेषज्ञहरूले यो कार्य राम्रोसँग गर्नेछन् । धेरै इमानदार सामाजिक, आर्थिक र राजनैतिक वैज्ञानिकहरूले निरन्तर रूपमा वर्तमान अवस्था र हाम्रो भविष्यको बारेमा अनुसन्धान गर्दै छन् । कम्प्युटर र बढ्दै गएको इन्टरनेट सञ्जाल नै यसो गर्न पर्याप्त छ ।

पहिलो पटकको निम्ति साँचो आर्थिक भूमण्डलीकरण अस्तित्व र आर्थिक, राजनैतिक र सैनिक वृत्तमा भएको प्रभुत्व राख्ने सामर्थ्य प्राचीन रोमलाई शासन गर्ने सम्राटहरूको भन्दा फरक छैन ।

मैले किन भोक र प्यासको बारेमा बोलिरहेको छु भनी केही मानिसहरू आश्चर्यमा परेका होलान् । म उत्तर दिन्छु, यो सिक्काको अर्को पाटो होइन बरु अरु कुनै वस्तुको केही फरक पाटाहरू हुन् । हुनसक्छ, त्यो वस्तु ६ वटा पाटा भएको पासा होस् वा धेरै पाटाहरू भएको बहुभुज होस् ।

अब १९४५ को औपचारिक समाचार समितिलाई उद्धृत गर्नेछु जसको साधारणतया आर्थिक र सामाजिक विश्वमा राम्रो परिचय छ । यसलाई शाब्दिक रूपमा टिलाम (TELAM) सञ्चारमाध्यम भनिन्छ ।

मुस्किलले १८ वर्षभित्र करिब दुई अरब मानिसहरू त्यस क्षेत्र वा देशमा बसोबास गर्नेछन् जहाँ पानी कल्पनाभन्दा धेरै टाढा हुनेछ । दुईतिहाइ विश्वका जनता पानीको समस्या भएको ठाउँमा बस्नेछन्, जसले सामाजिक र आर्थिक उत्तेजना सूजना गरी जनतालाई अमूल्य नीलो खजाना प्राप्तिको निम्ति युद्धतिर धकेल्नेछ ।

सय वर्षअघिदेखि पानीको उपयोग जनसङ्ख्याको वृद्धिदरभन्दा दुई गुणाले भन्दा बढी गतिमा बढ्दै छ ।

विश्व पानी परिषद् (World water Council–WWC) अनुसार सन् २०१५ सम्म यस गम्भीर स्थितिसँग झेलिरहेका ३ अरब ५० करोड जनता पीडित हुनेछन् । मार्च २३ को पानी दिवसमा संयुक्त राष्ट्रसङ्घले सबै सदस्य राष्ट्रहरूलाई के अनुरोध गर्‍यो भने आज जस्तै विश्व खाद्य सङ्घ (FAO) को मातहतमा रही अन्तर्राष्ट्रिय पानीको अभावबारेमा प्रतिस्पर्धा गर्नुपर्छ । त्यसको उद्देश्य पानीको अभावको महत्त्वलाई जोड दिने र पानीको स्रोतको दिगो र कुशल व्यवस्थापन र प्रयोगको निम्ति एक-आपसमा ठुलो एकीकरण सहयोगको आवश्यकता रहेकोमा जोड दिनु हो ।

यस ग्रहका धेरै क्षेत्रहरू पानीको हाहाकारले ग्रसित छन् । जहाँ वार्षिक दर प्रतिव्यक्ति ५०० घन सेन्टिमिटरभन्दा कम पानी छ । हरेक पटक त्यहाँ धेरैभन्दा धेरै क्षेत्रहरूमा अभाव बढ्दै प्रमुख स्रोतको अभाव दीर्घकालीन बन्दै छ !

खाद्यपदार्थको उत्पादन गर्न यो अमूल्य तरल पदार्थको अपुग हुनु, कमजोर औद्योगिक विकास, सहरी क्षेत्र र पर्यटन तथा स्वास्थ्य समस्याहरू पैदा हुनु पानीको कमीबाट उत्पन्न भएका परिणामहरू हुन् ।

यो 'टामिल' सञ्चार सेवाको भनाइ हो । मैले अरु महत्त्वपूर्ण तथ्यहरू उल्लेख गरेको छैन । जस्तो कि ग्रीनल्यान्ड र आर्टिक क्षेत्रमा बरफ पग्लिनु, ओजन तहको विनाश, हाम्रो नियमित खानाको एक भाग माछाका विभिन्न प्रजातिमा पारोको मात्रा उच्च हुनु ।

अरु विषय पनि सम्बोधन गर्न सकिन्थ्यो तर यी केही हरफहरू मैले राष्ट्रपति बुशको संरा अमेरिकी मोटर कम्पनीका प्रमुख प्रबन्धकसँगको बैठकलाई साधारण अभिप्रायले टिप्पणीमात्र गरेको हुँ ।

*March 28, 2007*

---

# मानव जातिको सम्भावित दुःखान्त

**● फिडेल क्यास्ट्रो (Fidel Castro)**

म कुनै वैज्ञानिक या अर्थशास्त्रीले जस्तै विचार राख्न सक्दिन । म एक राजनीतिज्ञको दृष्टिकोणबाट अर्थशास्त्री र वैज्ञानिकहरूका भनाइहरूलाई विश्लेषण गर्दछु । उहाँहरूले जगाउन खोज्नु भएको उत्प्रेरणालाई बुझ्ने प्रयास गर्नेछु ।

२२ वर्षअगाडि हवानामा हामीले राजनीतिक नेताहरूसँगको बैठक, मजदुर सङ्घहरू, किसान र विद्यार्थी नेताहरूबिच उहाँहरूको क्षेत्रका विषयहरूबारे छलफल गरेका थियौँ । उहाँहरूको छलफलले सन् १९८५ मा ल्याटिन अमेरिकाले बोक्नु परेको ठुलो वैदेशिक ऋण एउटा विकराल समस्या हो भन्ने ठहरमा पुगेको थियो । त्यो ऋणको राशी ३५० अर्ब डलर थियो । आजभन्दा त्यतिबेला डलरको क्रय शक्ति बढी थियो ।

उक्त बैठकको निष्कर्ष केही देशहरूलाई बाहेक सबै देशका सरकारहरूलाई हामीले उपलब्ध गराएका थियौँ ।

त्यतिबेलाको बजारमा भएका ठुलो राशीको डलर पेट्रोलको कारण थियो । अन्तर्राष्ट्रिय बैङ्कहरू धेरै धनराशीको ऋण सरकारले स्वीकार्नुपर्दछ भन्ने पक्षमा थिए । यो भनिरहन नपर्ला कि कसैसँग छलफलबिना ती ऋणहरू स्वीकार गर्दाको अर्थतन्त्रको निम्ति आज जनता जिम्मेवार भएका छन् ।

त्यतिबेला यो महादेशमा धेरै देशहरूले साम्राज्यवादद्वारा लादिएका शासन झेल्नुपरेको थियो । धेरै रकम हतियार, ऐस आरामका साधन र अन्य उपभोग्य वस्तुहरू खरिद गर्न खर्च गरिन्थ्यो । त्यो ऋण अहिले ८०० अर्ब डलर पुगेको छ र प्रत्येक दुई दशकमा यो ऋणको परिमाण दोब्बर वृद्धि हुँदै जानेछ । यसको अर्थ हुन्छ- प्रत्येक दशकमा चरम गरिबीको सङ्ख्या बढ्दै जानेछ । अहिलेको ल्याटिन अमेरिकामा सबभन्दा धनी र गरिबबिचको फरक विश्वको अधिकतम छ ।

धेरै वर्षपहिले अहिले बोकिरहेको ऋणको विषयमा बढी केन्द्रित हुन्थ्यो । त्यस्तै असमान विनिमय दरविरुद्ध तेस्रो विश्वले गरिरहेको सङ्घर्ष पनि उत्तिकै महत्त्वपूर्ण विषय थियो । वर्षैपिच्छे औद्योगिक देशहरूबाट उत्पादन भएका सामानहरूको मूल्य बढाउँदै छ । तर, विकासोन्मुख देशहरूबाट निर्यात हुने कच्चा पदार्थको भारु बढाइँदैन । उदाहरणको लागि कफी र काको ( cacao) चकलेट बनाउने बियाँ एक टनको २ हजार डलर छ । न्युयोर्कजस्ता सहरमा एक कप कफी र चकलेट केही सेन्ट (पैसा) मा किन्न सकिन्थ्यो । तर, आज त्यसको मूल्य धेरै डलर छ । त्यतिबेला भन्दा अहिलेको मूल्य ३० वा ४० गुणाले बढी छ । ट्र्याक्टर, ट्रक र स्वास्थ्य उपचारका साधनहरूको मूल्य पनि त्यति नै चर्को भइसक्यो । तेस्रो विश्वबाट उत्पादन हुने जुटजस्ता कपडाहरूलाई सिन्थेटिक सामानहरूले प्रतिस्थापन गरिएका छन् । त्यस्तै रबर र अरु प्राकृतिक धागो तथा कपडाहरूलाई सिन्थेटिक पदार्थहरूले प्रतिस्थापन गरिँदै छन् सिन्थेटिक पदार्थहरू पेट्रो रसायन पदार्थहरूलाई आधुनिक प्रविधिद्वारा बनाइँदै छ । त्यस्तै औद्योगिक देशहरूले उखु उत्पादन गर्न आफ्नो देशमा धेरै अनुदान दिएका कारण तेस्रो विश्वबाट उत्पादन हुने चिनीको मूल्य पनि धेरै घटेको छ ।

पहिलेका औपनिवेशिक देशहरू र नव-औपनिवेशिक देशहरूले पनि दोस्रो विश्वपछिको स्थिति राम्ररी चाल पाउन सकिरहेका छैनन् । उनीहरूले माथिदेखि तलसम्म शोषण गर्ने प्रणाली नै बसालिरहेका छन् । लुटपाटकै स्थिति कायम रहेको छ ।

अहिलेका औद्योगिक राष्ट्रहरूले जतिबेला ती देशहरूको चेत खुल्नेछ, तब तिनीहरू पनि आफूलाई जस्तै ऊर्जा अभावको शिकारमा परिरहेको पाउनेछ । संरा अमेरिकाबाहेक सबैजसो इन्धनको स्रोत तेस्रो विश्वका मुलुकहरूमा छन् । विशेष गरी मध्यपूर्वमा र मेक्सिको, भेनेजुयला र अफ्रिकामा इन्धनको स्रोत पाइन्छ । तर, गोराहरूले वर्गीकरण गरेको सबै विकासोन्मुख देशहरूमा भने तेलको भण्डार छैन । विकासोन्मुख देशहरूमध्ये ८२ देश धेरै गरिब छन् र तेल आयात गर्नुपर्ने बाध्यतामा छन् । यदि अन्नपातलाई जैविक इन्धनको स्रोत बनाउने हो भने विकासोन्मुख देशहरूले धेरै भोकमरी व्यहोर्नुपर्नेछन् । अहिले ल्याटिन अमेरिकी क्षेत्रमा जैविक इन्धनको पक्षमा धेरै देखिएका छन् ।



*दायाँबाट क्रमशः ह्युगो चाभेज, फिडेल क्यास्ट्रो र इभो मोरालस*

तीस वर्षदेखिन् विश्वका मानव जातिको टाउकोमाथि पृथ्वीमा बढ्दो तापक्रम वृद्धिरूपी डेमोकल्सको तरबार झुण्डिरहेको छ । पृथ्वीको तापक्रम अझै पनि धेरै जनता रुसबाट अनभिज्ञ छन् र भ्रममा छन् । तर, अहिले प्रचारमाध्यमको कुरा पत्याउने हो भने हाम्रो अहिलेको विश्व सबै सम्भावनाको सङ्घारमा छ, जहाँ अर्थतन्त्र बजारले निर्देशित गर्दछ साथै अन्तर्राष्ट्रिय पुँजी र आधुनिक प्रविधिले उत्पादकत्व बढाएको छ, कुल गार्हस्थ उत्पादन बढेको छ, जनताको जीवनस्तर उकासिएको छ र मानव जातिको सपना सबै यही विश्वमा साकार भएका छन् । राज्यले पुँजीको चलखेलमा कुनै पनि हस्तक्षेप गरिनु हुन्न । राज्यमात्र वित्तीय पुँजी परिचालनको साधन बन्नुपर्दछ ।

तर, वास्तविकता सञ्चारमाध्यमले गरेका प्रचारभन्दा विपरीत छ । जर्मनी, उच्च औद्योगिककीरण भएको देशमध्ये एक हो । तर, त्यहाँ १० प्रतिशत जनता बेरोजगार छन् । अति गाह्रो कामहरूमा प्रवासी कामदारहरू लगाइएका छन् । विकासोन्मुख देशहरूबाट धेरै सस्ता मजदुरहरू युरोपेली मुलुकहरूमा जस्तोसुकै कामको खोजीमा ओइरो लागेका छन् ।

यस्तै विषयहरूमा हालसालै मात्र हवानामा ७०० सामाजिक सङ्घसंस्थाहरूको भेला भएको थियो । छलफलमा उठेका कति विचारले हामीमा अमीर छाप पारेको छ । दिनदिनै घटिरहेका नयाँ-नयाँ घटनाहरूका बारे पनि त्यहाँ छलफल भयो ।

आतङ्ककारी राक्षसबाट मुक्त गर्न अमेरिकाले गरेको प्रयासलाई उदाङ्ग्याउन सक्रिय सैनिक सङ्घमा रहेका दुई सिपाहीँले राम्रो प्रदर्शन गरे । आतङ्ककारीहरूले एउटा बसलाई अपहरण गरे तथा आन्तरिक उडान छुट्ने ठाउँमा अर्को हवाईजहाजबाट सबै बसभित्रका यात्रीहरूसहित उपभोक्तावादको स्वाद चाख्न अमेरिका लान माग गरे । केही दिनअगाडि उनीहरूले एक सिपाहीँलाई मारेर स्वचालित हतियार लुटेका थिए र अपहरित हवाईजहाजभित्र एक बहादुर सिपाहीँलाई गोली हानी मारे । उक्त सिपाहीँ हतियारविहीन थिए र बसमा अपहरित गरिएका थिए । क्युवाबाट आतङ्ककारीहरूले हवाईजहाज अपहरण गरी अमेरिका लाने तयारीमा थिए ।

आधा शताब्दीदेखि क्युवाविरुद्ध गरिने हरेक आतङ्ककारी गतिविधिलाई सजाय नभएका कारण यस्ता घटनाहरू भइरहेका छन् । यी आतङ्ककारी क्रियाकलापले जनताको ज्यान खतरामा पारेको छ । ती अपराधीहरू अझै अदालती कारबाहीमा लगिएका छैनन् । यी दुवै जना घाइते भएका छन् । क्युवाली जनता अदालतको फैसला सुन्न आतुर छन् । क्युवाली जनता ती क्रियाकलापबाट आक्रोशित छन् । समस्यासित जुझ्नको निम्ति हामीमा धेरै धैर्यको आवश्यकता छ । अमेरिकाका शासकहरूले पाँच वर्षअगाडि नै भविष्यवाणी गरेका थिए कि अब विश्वका ६० देशमा आक्रमण गर्न ऊ तयारी हुनुपर्दछ, झण्डै एकतिहाइ देशसँग उसले भिड्नुपर्नेछ । लाखौँ विश्वका जनतालाई मारेर, यातना दिएर पनि उसको चित्त बुझेको छैन । लाखौँ जनताको प्राकृतिक स्रोत र मेहनतको फल खोस्न अमेरिका सधैँ उद्यत छ ।

हवानामा सम्पन्न बैठकले पनि मेरो विचारलाई पुनः समर्थन गरेको पाएँ । हरेक खराब काम र विचारमाथि दया नराखी तीव्र आलोचना गरिनुपर्दछ ।

(Granma, 7th May 2007)
The New Worker
25 May 2007

# भारतको राजधानीमा ब्रिक्स नेताहरूको बैठक सुरु




नयाँदिल्ली, २७ भदौ (एपी)। उदीयमान तथा विकासोन्मुख राष्ट्रहरूको विश्वव्यापी एजेन्डा निर्माणमा थप प्रभावकारी भूमिका खोजिरहेको ब्रिक्स समूहका नेताहरू व्यापार, लगानी तथा विश्वव्यापी द्वन्द्वका विषयमा छलफल गर्न शनिबार नयाँदिल्लीमा भेला हुँदैछन्।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, चिनियाँ राष्ट्रपति सी चिनफिङ, इरानी राष्ट्रपति मसुद पेजेस्कियनसहित अन्य आठ सदस्य राष्ट्रका नेताहरूलाई शिखर सम्मेलनमा स्वागत गरेका छन्। युक्रेन र मध्यपूर्वमा जारी युद्ध तथा अमेरिकी-चीनबिच बढ्दो तनावका कारण फरक-फरक भू-राजनीतिक स्वार्थ भएका सदस्य राष्ट्रबिच साझा धारणा बनाउन समूहको क्षमता परीक्षण भइरहेका बेला सम्मेलन हुन लागेको हो।

सम्मेलनस्थल तथा नयाँदिल्लीका विभिन्न क्षेत्रमा हजारौं प्रहरी र अर्धसैनिक सुरक्षाकर्मी परिचालन गरिएको छ। सुरक्षा व्यवस्थाका कारण केही स्थानमा यातायातमा रोक तथा मार्ग परिवर्तनसमेत गरिएको छ।

ब्रिक्सको स्थापना सन् २००६ मा ब्राजिल, रुस, भारत र चीनले गरेका थिए। सन् २०१० मा दक्षिण अफ्रिका समूहमा सामेल भएको थियो। त्यसयता समूहको विस्तार हुँदै सदस्य सङ्ख्या ११ पुगेको छ। समूहले विश्वको ठूलो जनसङ्ख्या तथा विश्वव्यापी आर्थिक उत्पादनको उल्लेखनीय हिस्साको प्रतिनिधित्व गर्छ। ब्रिक्सले विश्वव्यापी संस्थाहरूमा विकासोन्मुख राष्ट्रहरूको प्रतिनिधित्व बढाउनुपर्ने माग गर्दै आएको छ।

शिखर सम्मेलनमा आर्थिक सहयोग, ऊर्जा, खाद्य सुरक्षा, प्रविधि, आपूर्ति शृङ्खला तथा विश्वव्यापी संस्थाहरूमा सुधारलगायतका विषयमा छलफल हुने अपेक्षा गरिएको छ। अमेरिकी डलरमाथिको निर्भरता घटाउने विषय पनि प्राथमिकतामा रहनेछ। सदस्य राष्ट्रहरूले आपसी व्यापार तथा भुक्तानीमा राष्ट्रिय मुद्राको प्रयोग बढाउनुका साथै पश्चिमी प्रभुत्व रहेका वित्तीय संस्थाको विकल्प खोज्न जोड दिँदै आएका छन्।

**रुस र चीनद्वारा प्रभाव विस्तारको प्रयास**

चीन र रुसले ब्रिक्सलाई पश्चिमी प्रभुत्व, विशेषगरी संयुक्त राज्य अमेरिकाको प्रभाव, घटाउने तथा उदीयमान र विकासोन्मुख अर्थतन्त्रबिच सहयोग विस्तार गर्ने माध्यमका रूपमा हेर्दै आएका छन्।

शुक्रबार नयाँदिल्लीमा आयोजित ब्रिक्स बिजनेस फोरमलाई सम्बोधन गर्दै राष्ट्रपति पुटिनले ब्रिक्स कुनै पनि देश वा समूहविरुद्ध लक्षित नभएको बताउनुभयो। उहाँले रुस विश्वभरका देशसँग सहकार्य गर्न तयार रहेको उल्लेख गर्दै भन्नुभयो, "हामी हाम्रा हितहरूको पक्षमा छौं।"

इरानले पनि पश्चिमी वित्तीय प्रणालीमाथिको निर्भरता घटाउने तथा सदस्य राष्ट्रलाई आर्थिक दबाबबाट जोगाउन सक्ने संयन्त्र निर्माणको वकालत गर्दै आएको छ। तेहरानले लामो समयदेखि व्यापक अन्तर्राष्ट्रिय प्रतिबन्ध तथा अमेरिकी प्रतिबन्धको सामना गर्दै आएको छ।

इरानी राष्ट्रपति पेजेस्कियनले ब्रिक्स सदस्य राष्ट्रबिच राष्ट्रिय मुद्रामार्फत व्यापार विस्तार गर्ने कदमको समर्थन गर्नुभएको छ। शुक्रबार पत्रकारहरूसँग कुरा गर्दै उहाँले सदस्य राष्ट्रबिचको व्यापारमा राष्ट्रिय मुद्राको प्रयोग विस्तार गर्नु महत्त्वपूर्ण कदममध्ये एक भएको बताउनुभयो।

यसैबिच, चीनले ब्रिक्सलाई आफ्नो प्रभाव विस्तार गर्ने तथा अमेरिकी शक्तिको प्रतिसन्तुलनका रूपमा स्थापित गर्ने प्रयास गरिरहेको छ। चिनियाँ विदेश मन्त्रालयकी प्रवक्ता माओ निङका अनुसार राष्ट्रपति सीले प्रमुख अन्तर्राष्ट्रिय मुद्दाका साथै ब्रिक्स सदस्य राष्ट्रबिच सहयोग थप सुदृढ बनाउने उपायबारे छलफल गर्ने अपेक्षा गरिएको छ।

**रणनीतिक साझेदारीमा भारतको सन्तुलन**

भारतका लागि यो शिखर सम्मेलनले अमेरिका र युरोपसँग सम्बन्ध विस्तार गर्दै रुस तथा इरानसँगको रणनीतिक साझेदारी कायम राख्ने उसको प्रयासलाई उजागर गर्नेछ। नयाँदिल्लीले मस्को र तेहरानसँगको लामो समयदेखिको सम्बन्ध तथा वासिङ्टन र अन्य पश्चिमी राष्ट्रसँग आर्थिक, रक्षा र प्रविधिको क्षेत्रमा बढ्दो सहकार्यबिच सन्तुलन कायम गर्ने प्रयास गर्दै आएको छ।

युक्रेन युद्ध तथा इरान र अमेरिकाबिचको तनावका बाबजुद भारतले रुस र इरान दुवैसँग घनिष्ठ सम्बन्ध कायम राखेको छ। साथै, नयाँदिल्लीले द्वन्द्व समाधानका लागि वार्ता र कूटनीतिको पक्षमा जोड दिँदै आएको छ।

शिखर सम्मेलनअघि शुक्रबार प्रधानमन्त्री मोदीले राष्ट्रपति पुटिन र राष्ट्रपति पेजेस्कियनसँग छुट्टाछुट्टै भेटवार्ता गरेका थिए।

भारतले ब्रिक्स मञ्चमार्फत चीनसँगको लामो समयदेखिको तनावपूर्ण सम्बन्ध सुधार गर्ने अवसरसमेत खोजिरहेको छ। शनिबार मोदी र सीबिच भेटवार्ता हुने अपेक्षा गरिएको छ। सन् २०२० मा सीमा क्षेत्रमा तनाव बढेयता दुई देशबिचको कूटनीतिक सम्बन्धमा आएको सुधारलाई यो भेटले थप बलियो बनाउन सक्ने अपेक्षा गरिएको छ।

भारतका लागि अर्को महत्त्वपूर्ण परीक्षा भनेको शिखर सम्मेलनमा सदस्य राष्ट्रका नेताहरूबाट संयुक्त वक्तव्य जारी गराउन सक्नु हुनेछ। सदस्य राष्ट्रबिचका मतभेद गत मे महिनामै स्पष्ट भएका थिए। त्यतिबेला ब्रिक्सका विदेशमन्त्रीहरू इरानसम्बन्धी द्वन्द्वबारे संयुक्त वक्तव्यमा सहमत हुन सकेका थिएनन्। त्यसपछि भारतले संयुक्त वक्तव्यको सट्टा 'अध्यक्षको सारांश' जारी गरेको थियो।

अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानमाथि गरेको आक्रमणबाट सुरु भएको द्वन्द्व थप फैलिन सक्ने चिन्ता बढिरहेका बेला ब्रिक्स शिखर सम्मेलन हुँदैछ। साउदी अरब र यमनका हुथी विद्रोहीबिच बढ्दो तनावले समेत क्षेत्रीय अस्थिरताको जोखिम बढाएको छ।

युक्रेन र मध्यपूर्वका युद्ध तथा अमेरिकासँगको सम्बन्धबारे सदस्य राष्ट्रका फरक-फरक अडानका कारण यसपटकको शिखर सम्मेलनमा ब्रिक्सको एकता र साझा धारणा निर्माण गर्ने क्षमताको महत्त्वपूर्ण परीक्षा हुने अपेक्षा गरिएको छ।

# इजरायली आक्रमणबिच लेबनानी राष्ट्रपतिको नबातिह भ्रमण

बेरुत, २७ भदौ (एएफपी)। लेबनानका राष्ट्रपति जोसेफ आउनले शनिबार देशको दक्षिणी क्षेत्रको भ्रमण गर्नुभएको छ। इजरायली सेनाले हालै कब्जा गरी ध्वस्त पारेको हिजबुल्लाहको रणनीतिक अखडानजिकै रहेको नबातिह सहरमा उहाँले आकस्मिक भ्रमण गर्नुभएको हो।

लेबनानका सरकारी सञ्चारमाध्यमका अनुसार राष्ट्रपति आउन सुरक्षा अधिकारीसहित कुनै पूर्वसूचना नदिई नबातिह पुग्नुभएको थियो।

अमेरिकाको मध्यस्थतामा इजरायल र लेबनानबिच अर्को साता तय गरिएको वार्ताको नयाँ चरण अक्टोबरसम्मका लागि सारिएको अमेरिकी कूटनीतिक अधिकारीले जानकारी दिएको भोलिपल्ट राष्ट्रपति आउनको भ्रमण भएको हो।

लेबनानी सञ्चारमाध्यमले प्रसारण गरेका दृश्यमा नबातिहमा स्थानीय बासिन्दाले राष्ट्रपति आउनलाई स्वागत गरेको देखिएको छ। राष्ट्रपति आउनले स्थानीयसँग ऐक्यबद्धता जनाउँदै नबातिह सरकारी अस्पतालका कर्मचारीहरूको प्रशंसा गर्नुभएको थियो।

उहाँले यस क्षेत्रबाट अधिकांश मानिस विस्थापित भइसके पनि आफ्नो ज्यान जोखिममा राखेर चिकित्सा सेवा प्रदान गरिरहेका अस्पतालका कर्मचारीहरूको योगदानको सराहना गर्नुभयो।

अमेरिकाको पहलमा इजरायल र लेबनानबिच भएको ढाँचा सम्झौता तथा व्यापक मध्यपूर्व युद्धको सन्दर्भमा अमेरिका र इरानबिच भएको समझदारीपछि जुनको अन्त्यदेखि गत सातासम्म इजरायल र लेबनानी लडाकु समूह हिजबुल्लाहबिचको द्वन्द्व केही मत्थर भएको थियो। तर, पछिल्ला दिनमा इजरायली सेनाले विशेषगरी नबातिह क्षेत्रमा आफ्ना आक्रमण पुन: तीव्र बनाएको छ।

बिहीबार इजरायली सेनाले नबातिह सहरबाट केही किलोमिटर टाढा रहेको रणनीतिक 'अली अल-ताहेर' डाँडामा रहेका भूमिगत संरचना कब्जा गरेपछि ध्वस्त पारेको थियो।

विस्फोटको तीव्रता यति शक्तिशाली थियो कि त्यसबाट उत्पन्न कम्पन भूकम्प मापन गर्ने निकायले समेत महसुस गरेका थिए। पछिल्ला केही दिनमा यस क्षेत्रमा भएका इजरायली आक्रमणमा एउटै परिवारका १२ सदस्यसहित कम्तीमा २९ जनाको मृत्यु भएको बताइएको छ।

नबातिहमा तैनाथ लेबनानी सेनाले बुधबार चेतावनी दिँदै इजरायलका गतिविधिले दुई देशबिच भएको ढाँचा सम्झौताको कार्यान्वयनलाई जोखिममा पारेको जनाएको थियो।

उक्त सम्झौतामा हिजबुल्लाहको नि:शस्त्रीकरण, लेबनानको दक्षिणी क्षेत्रबाट इजरायली सेनाको क्रमिक फिर्ती तथा 'पाइलट जोन' (परीक्षण क्षेत्र) का रूपमा चिनिने क्षेत्रबाट सुरु गर्दै दक्षिणी क्षेत्रमा लेबनानी सेनाको तैनाथीलगायतका विषय समेटिएका छन्।

## विश्व सङ्क्षेप

# अमेरिकी आर्थिक दबाबमा इरानले आत्मसमर्पण गर्दैन : राष्ट्रपति पेजेस्कियन

तेहरान, २७ भदौ (सिन्ह्वा)। इरानी राष्ट्रपति मसुद पेजेस्कियनले इरानी जनताले अमेरिकी आर्थिक दबाबमा आत्मसमर्पण नगर्ने बताउनुभएको छ।

संयुक्त राज्य अमेरिकाले इरानीहरूलाई धम्की दिएर आत्मसमर्पण गर्न बाध्य पार्न नसकेकाले जीविकोपार्जनमा समस्या र सुविधाहरूको अभावको अवस्था सिर्जना गरी उनीहरूलाई आत्मसमर्पण गर्न बाध्य बनाउन खोजिरहेको उल्लेख गर्दै इरानी जनताले आत्मसमर्पण नगर्ने विषयमा जोड दिनुभएको छ। इरानको इरना समाचार एजेन्सीका अनुसार पेजेस्कियनले नयाँ दिल्लीमा भारतीय धार्मिक नेताहरू, तथा व्यापारीहरूसँगको बैठकमा यस्तो बताउनुभएको हो।

इरानविरुद्धको अमेरिकी नौसैनिक नाकाकन्दी र आर्थिक युद्धको निन्दा गर्दै उहाँले भन्नुभयो, "वासिङ्टन इरानलाई स्वतन्त्र देश बनाउन चाहँदैन, तर हामी यसको बदमाशीको अगाडि झुक्ने छैनौं।"

इरानले लामो समयदेखि अमेरिकी नौ- सैनिक नाकाबन्दीको सामना गर्दै आइरहेकोमा हालसालै वाशिङ्गटनद्वारा घोषित आर्थिक दबाबपूर्ण कारबाहीको एक अभूतपूर्व अवस्था भोगिरहेको छ।

# कङ्गोमा इबोला सङ्क्रमितको सङ्ख्या ७ हजार नाघ्यो

किन्शासा, २७ भदौ (सिन्ह्वा)। प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा इबोला सङ्क्रमितको सङ्ख्या ७ हजार नाघेको छ भने यसबाट मृत्यु हुनेको सङ्ख्या करिब तीन हजार ४ सय पुगेको छ।

शुक्रबार सार्वजनिक गरिएको सरकारी स्वास्थ्य अवस्थासम्बन्धी पछिल्लो विवरणअनुसार सेप्टेम्बर १० सम्म ७ हजार २२ जनामा सङ्क्रमण पुष्टि भएको छ। सङ्क्रमणका कारण तीन हजार ३ सय ९८ जनाको मृत्यु भएको छ भने एक हजार ६ सय ७१ जना उपचारपछि निको भएका छन्।

हालको तथ्यांकअनुसार सङ्क्रमितमध्ये मृत्यु हुने दर ४८ दशमलव ४ प्रतिशत रहेको छ।

इबोलाको प्रकोप कङ्गोका सात प्रान्तका ६२ स्वास्थ्य क्षेत्रमा फैलिएको छ। स्थानीय अधिकारीहरूका अनुसार सुद-उबाङ्गी प्रान्तमा पनि एक जनामा सङ्क्रमण पुष्टि भएपछि उक्त प्रान्त पछिल्लो प्रभावित क्षेत्र बनेको हो।

सुद-उबाङ्गीमा पुष्टि भएको सङ्क्रमण दक्षिण किभु प्रान्तबाट यात्रा गरेर आएका २३ वर्षीय पुरुषमा देखिएको थियो। ती सङ्क्रमितको पछि मृत्यु भएको स्थानीय अधिकारीले जनाएका छन्।

सुद-उबाङ्गी यसअघि सङ्क्रमण पुष्टि भएका छ वटा प्रान्तसँग सीमा जोडिएको छैन। ती प्रान्तहरूमा इतुरी, उत्तर किभु, दक्षिण किभु, हाउट-उएले, चोपो र बास-उएले रहेका छन्।

गत मे महिनामा घोषणा गरिएको हालको इबोला प्रकोप कङ्गोको इतिहासमै सबैभन्दा ठूलो र घातक बनेको छ। विश्वव्यापी रूपमा भने सन् २०१४ देखि २०१६ सम्म पश्चिम अफ्रिकामा फैलिएको इबोला प्रकोपपछि यो दोस्रो ठूलो प्रकोप बनेको छ।

# साउदीको तेल निर्यात मार्गमा ड्रोन आक्रमण, क्षेत्रीय तनाव थप चर्कियो

रियाद, २७ भदौ (एएफपी)। साउदी अरबका अधिकारीहरूले इराकबाट प्रक्षेपण गरिएका ड्रोन आक्रमणका कारण महत्त्वपूर्ण तेल निर्यात मार्ग अस्थायी रूपमा बन्द गरिएको बताएका छन्। यो मार्ग इरानले होर्मुज जलडमरूमध्य बन्द गरेपछि वैकल्पिक रूपमा प्रयोग हुँदै आएको थियो।

मध्यपूर्वमा युद्ध सुरु भएपछि साउदी अरबले यान्बु बन्दरगाहसँग जोड्ने पूर्व-पश्चिम तेल पाइपलाइनको प्रयोग बढाउँदै आएको छ। होर्मुज जलडमरूमध्य हुँदै हुने तेल निर्यातमा अवरोध भएपछि यो पाइपलाइन साउदी तेल निर्यातका लागि महत्त्वपूर्ण वैकल्पिक मार्ग बनेको हो।

साउदी विदेश मन्त्रालयले रियाद र मदिना क्षेत्रमा रहेको पूर्व-पश्चिम पाइपलाइनलाई इराकबाट आएका धेरै ड्रोनले निशाना बनाएको जनाएको छ। आक्रमणका कारण केही मानिस घाइते हुनुका साथै भौतिक क्षति भएको मन्त्रालयले जनाएको छ।

साउदी ऊर्जा मन्त्रालयका एक अधिकारीले सरकारी समाचार संस्था एसपीएसँग कुरा गर्दै सावधानीका रूपमा पाइपलाइन सञ्चालन रोकिएको र आक्रमणबाट केही मानिस घाइते भएको बताए।

बिहीबार खिचिएका कोपरनिकस सेन्टिनेलका भूउपग्रह तस्बिरमा मदिनानजिकै कालो धुवाँको मुस्लो देखिएको थियो। उक्त क्षेत्र साउदी तेललाई लालसागरको तटसम्म पुऱ्याउने पूर्व-पश्चिम पाइपलाइनको मार्गनजिकै पर्छ।

इराकका प्रधानमन्त्री अली अल-जैदीको कार्यालयले आक्रमण इराकी भूमिबाट भएको पुष्टि गरेको छ। साथै दक्षिणी प्रान्त मैसानका लागि जिम्मेवार सुरक्षा कमान्डरलाई पदबाट हटाइएको जनाएको छ।

इराकी सरकारले साउदी अरबमा भएको आक्रमणको निन्दा गर्दै आक्रमण इराकको एक प्रान्तभित्रको स्थानबाट भएको जनाएको छ।

# विपद्‌मा काभ्रे : जोखिम पहिचान, पूर्वसूचना, सुरक्षित निर्माण र पूर्वतयारीलाई प्राथमिकता

• सनम सुवाल

बनेपा (काभ्रे) । काभ्रेपलाञ्चोकले विपद्‌पछि उद्धार र राहतमा केन्द्रित हुने अभ्यास परिवर्तन गर्दै जोखिम पहिचान, पूर्वसूचना, सुरक्षित निर्माण र पूर्वतयारीलाई प्राथमिकता दिन थालेको छ । विपद्‌का घटनाबाट जनधनको क्षति बेहोर्दै आएको यस जिल्लामा पछिल्ला तीन आर्थिक वर्षमा १४ हजारभन्दा बढी विपद्‌का घटना भएका छन् ।

बाढी, पहिरो, आगलागी, चट्याङ, करेन्ट लाग्ने, महामारी तथा जनावरको आक्रमणदेखि लडेर मृत्यु हुनेलगायत घटनाबाट जनधनको क्षति बेहोर्दै आएको यस जिल्लाले पूर्वतयारीका क्रियाकलापलाई प्राथमिकतामा दिएको हो ।

भौगोलिक विविधता र जटिल भू-बनोटका कारण विपद्‌को जोखिममा रहेको जिल्लामा विगतका घटनाबाट प्राप्त अनुभवका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिले जोखिमयुक्त बस्तीको पहिचान तथा रेखाङ्कन, प्रतिकार्य क्षमता अभिवृद्धि, राहत तथा पुन:स्थापना र दीर्घकालीन जोखिम न्यूनीकरणका योजना अघि बढाएको हो ।

जिल्ला प्रशासन कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ देखि २०८२/०८३ सम्म जिल्लामा १४ हजार ३०४ वटा विपद्‌का घटना दर्ता भएका छन् । आव २०८०/८१ मा ३७९, २०८१/०८२ मा १३ हजार ८७३ र २०८२/८३ मा १६२ वटा घटना भएका थिए । आव २०८०/८१ मा २३५ आगलागी र ८७ बाढी, पहिरोसहित ३७९ घटना दर्ता भएका थिए । विपद्‌का कारण १७ जनाको मृत्यु र १५ जना घाइते भएका थिए ।

आव २०८१/८२ भने जिल्लाका लागि विपद्‌का दृष्टिले निकै क्षतिको वर्ष रहयो । उक्त वर्ष १३ हजार ८७३ घटना दर्ता भएकामा १३ हजार ७०८ बाढी, पहिरो र ११६ आगलागीका थिए । विपद्‌मा परी ९१ जनाको मृत्यु, ११३ घाइते र आठ जना बेपत्ता भएका थिए । आठ हजार ९०८ घर तथा गोठमा क्षति पुगेको थियो भने दुई हजार ७१० चौपायाको क्षति भएको थियो ।

आव २०८२/८३ मा बाढी-पहिरोका ९९ र आगलागीका २९ सहित १६२ घटना दर्ता भएका थिए । ती घटनामा १३ जनाको मृत्यु र १२ जना घाइते भएका थिए । चालु आवको सुरुआतमै जिल्लाले विपद्‌को अर्को पीडादायी अवस्था सामना गरिरहेको छ । यही भदौ १० गते रसुवाको भोटेकोसीमा गएको बाढीपछि रोजगारी तथा भ्रमणका क्रममा त्यहाँ पुगेका काभ्रेका नागरिक अझै बेपत्ता छन् ।

जिल्ला प्रशासन कार्यालयका अनुसार ६५ जनामध्ये २४ जना सकुशल परिवारको सम्पर्कमा आएका र एक जनाको शव परिवारले बुझेका छन् भने ४० जना अझै सम्पर्कविहीन छन् । त्यस्तै, चालु आवको साउनमा रोशी खोलामा बगेर एक जनाको मृत्यु भएको थियो भने भुम्लु र धुलिखेलमा करेन्ट लागेर दुई जनाको ज्यान गएको थियो ।

जिल्ला विपद् व्यवस्थापन समितिले १३ वटै स्थानीय तहको विपद् जोखिमको वर्गीकरण तथा रेखाङ्कन गरेको छ । समग्र सङ्कटासन्नताका आधारमा पाँचखाल, बनेपा, धुलिखेल, नमोबुद्ध, पनौती, महाभारत र खानीखोला गरी सात पालिका उच्च जोखिममा छन् भने मण्डनदेउपुर, भुम्लु, रोशी, बेथानचोक, तेमाल र चौँरीदेउराली मध्यम जोखिममा छन् ।

विषयगत रूपमा मण्डनदेउपुर, भुम्लु, रोशी, बेथानचोक, महाभारत, तेमाल, खानीखोला र चौँरीदेउराली पहिरोको उच्च जोखिममा छन् । पाँचखाल, बनेपा, नमोबुद्ध, पनौती, महाभारत र खानीखोलामा बाढीको जोखिम उच्च रहेको छ । रोशी खोला, इन्द्रावती, सुनकोसी तथा पुण्यमाता करिडोर आसपासका बस्ती बाढी तथा नदी कटानको जोखिममा रहेका छन् । पहिरो र भूकम्पीय दृष्टिले भने १३ वटै स्थानीय तह जोखिममा छन् ।

जोखिमयुक्त क्षेत्रको पहिचानसँगै अतिजोखिमयुक्त बस्तीको नियमित अनुगमन तथा जोखिम नक्साङ्कन गर्ने, पूर्वसूचना प्रणाली प्रभावकारी बनाउने, स्थानीय तहसँग समन्वय गरी पूर्वतयारी तथा प्रतिकार्यका लक्षित कार्यक्रम सञ्चालन गर्ने योजना अघि बढाइएको छ । जोखिम नक्साङ्कनलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण, खोज तथा उद्धार सामग्री र जनशक्ति समयमै परिचालन गर्नसमेत उपयोग गरिनेछ ।

जोखिमयुक्त क्षेत्रको पहिचानसँगै प्राविधिक टोलीले विस्तृत क्षति आकलन गरी भौगोलिक अवस्थिति, तस्बिर तथा प्रमाणीकरणसहितका विवरण डिजिटल ‘विपद् पोर्टल’ मा समावेश गरेको छ । यसबाट क्षतिको विवरण सङ्कलन, लाभग्राही पहिचान तथा राहत र पुन:स्थापनाका कार्यक्रम सञ्चालनमा सहयोग पुग्ने प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले जानकारी दिनुभयो ।

विपद्‌बाट प्रभावित परिवारको पुन:स्थापनाका लागि अस्थायी आवास अनुदान वितरण भइरहेको छ । पहिलो किस्ताबापत तीन हजार १६५ लाभग्राहीलाई रु. सात करोड ९१ लाख २५ हजार र दोस्रो किस्ताबापत एक हजार ६६० लाभग्राहीलाई रु. चार करोड १५ लाख गरी हालसम्म रु. १२ करोड छ लाख २५ हजार निकासा भइसकेको छ ।

पूर्ण क्षति भएका निजी आवासको स्थायी निर्माणका लागि प्रतिपरिवार रु. चार लाख अनुदान उपलब्ध गराउने प्रक्रियाअन्तर्गत रोशी गाउँपालिकाका २३९, बेथानचोक गाउँपालिकाका २५२ र मण्डनदेउपुर नगरपालिकाका ५२ परिवारलाई लाभग्राहीका रूपमा सिफारिस गरिएको छ । उनीहरूको सम्झौता, विवरण रुजु तथा अनुदान हस्तान्तरणको प्रक्रिया अघि बढाइएको छ ।

अन्य विपद्‌को क्षति न्यूनीकरणतर्फ पनि काम भइरहेको छ । चालु आवमा बर्डफ्लुबाट प्रभावित २० वटा कृषि फार्मलाई रु. चार करोड ९४ लाख ९८ हजार ७६६ रूपैयाँ ५० पैसा राहत तथा क्षतिपूर्ति उपलब्ध गराइएको छ भने थप १० फार्मको प्रक्रिया अघि बढाइएको छ ।

विपद् प्रतिकार्यका लागि १३ वटा स्थानीय तहको विपद् कोषमा कुल रु. चार करोड १६ लाख ६२ हजार १३७ रूपैयाँ ३२ पैसा मौज्दात रहेको छ । जिल्ला विपद् कोषमा रु. ७४ लाख १३ हजार ६५१ र प्रदेश विपद् कोषमा रु. १० लाख ४७ हजार ७९० मौज्दात रहेको छ ।

आपत्‌कालीन उद्धार तथा प्रतिकार्यका लागि जिल्लामा ११ वटा विषयगत क्लस्टर गठन गरिएको छ । खोज तथा उद्धार, पूर्वाधार, खाद्य तथा कृषि, आश्रयस्थल, स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, बजार अनुगमन, पोषण, वातावरण र सामाजिक संरक्षणलगायत क्षेत्रमा सम्बन्धित कार्यालय प्रमुखलाई जिम्मेवारी दिइएको छ ।

खोज तथा उद्धारका लागि नेपाली सेनाका ४१, नेपाल प्रहरीका ८० र सशस्त्र प्रहरी बलका ५८ जना तालिमप्राप्त सुरक्षाकर्मीलाई आवश्यकताअनुसार परिचालन गर्न सकिने गरी तयारी अवस्थामा राखिएको छ । तेह्रवटै स्थानीय तहमा नेपाल रेडक्रसका ३५ जना प्रतिनिधिसहित स्थानीय युवा स्वयंसेवकलाई आवश्यकताअनुसार परिचालन गर्ने व्यवस्था गरिएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिले विपद् आउनुअघि नै जोखिम घटाउने रणनीतिअनुसार बाढी तथा पहिरोको उच्च जोखिममा रहेका क्षेत्रमा पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउने, सुरक्षित निर्माणलाई प्रोत्साहन गर्ने र जोखिमयुक्त क्षेत्रमा अनियन्त्रित बस्ती विस्तार रोक्ने योजना अघि सारेको जिल्ला समन्वय समिति प्रमुख दीपककुमार गौतमले बताउनुभयो ।

उहाँका अनुसार सुरक्षित निर्माण मापदण्ड तथा भू-उपयोग नीतिको कार्यान्वयनमा जोड दिइनेछ । विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि आवधिक कार्यतालिका निर्माण गरिएको छ । साउनमा जोखिम पहिचान, असोजमा स्थानीय स्रोत तथा साधनको क्षमता र स्थिति नक्साङ्कन, मङ्सिरमा विपद् परिस्थिति विश्लेषण तथा स्थिति प्रतिवेदन तयार गर्ने र पुसमा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना परिमार्जन गर्ने कार्यतालिका तय गरिएको छ । माघमा विपद् कोष स्थापना, फागुनमा विपद् पूर्वतयारी तथा कोष परिचालन कार्यविधि र चैतमा जिल्ला विपद् व्यवस्थापन समितिसम्बन्धी कार्य अघि बढाइनेछ ।

हाल स्वयंसेवक, विपद् उद्धार समूह तथा आवश्यक सामग्री तयारी अवस्थामा राखिएको छ । वर्षा हुनासाथ नदी तटीय क्षेत्रका नागरिकलाई सूचना प्रवाह गर्ने तथा सम्भावित जोखिमलाई मध्यनजर गर्दै रातिको समयमा जोखिम हुनसक्ने बिपी राजमार्गमा सवारी आवागमन रोक्नेलगायत कार्य सञ्चालन हुँदै आएको गौतमले बताउनुभयो ।

स्थानीय विपद् प्रतिकार्य, पूर्वसूचना, राहत तथा पुन:स्थापनासम्मका सबै उपसमूहलाई मनसुन अवधिमा मात्र नभई सदैव तयारी अवस्थामा राख्ने निर्णय गरिएको छ । विपद् परेपछि सम्बन्धित निकायले समन्वय गरी तत्काल काममा लाग्ने तथा क्षतिग्रस्त विद्युत्, खानेपानी, सडकलगायतका संरचना पुन: सञ्चालनका लागि सम्बन्धित निकायले स्वत: मर्मत तथा सञ्चालनको काम अघि बढाउने निर्णय २०८३ साउन १५ गतेको बैठकले गरेको प्रजिअ अधिकारीले बताउनुभयो ।

“तत्कालको क्षतिले नागरिकको जीवनलाई पुरानै अवस्थामा फर्काउन सम्बन्धित निकायबिच समन्वय आवश्यक छ । विपद् प्रतिकार्य र क्षति न्यूनीकरणका लागि सबैले आ-आफ्नो ठाउँबाट काम गर्ने विश्वास लिएका छौँ,” उहाँले भन्नुभयो ।

भौगोलिक विकटता, सडक अवरोध, सञ्चार सम्पर्क विच्छेद, सीमित स्रोत तथा साधन, रात्रिकालीन उद्धारको चुनौती र आपत्‌कालीन बजेटको अभावलाई विपद् प्रतिकार्यका प्रमुख चुनौतीका रूपमा लिइएको छ । विशेषगरी दुर्गम तथा पहाडी क्षेत्रमा विपद्‌का बेला उद्धार टोली समयमै पुग्न नसक्दा प्रतिकार्यमा कठिनाइ हुने गरेको छ ।

यस्ता चुनौतीका बाबजुद सङ्घ, प्रदेश र स्थानीय सरकार, सुरक्षा निकाय, रेडक्रस, गैरसरकारी संस्था तथा समुदायबिचको समन्वयमार्फत सुरक्षित पूर्वाधार निर्माण, जोखिमयुक्त बस्तीको पहिचान, पूर्वसूचना प्रणाली र समुदायस्तरको तयारीलाई अघि बढाइएको छ ।

विगतका विपद्‌बाट बेहोरेको ठूलो मानवीय तथा भौतिक क्षतिबाट पाठ सिक्दै अब विपद् आएपछि उद्धार गर्नेभन्दा विपद् आउनुअघि नै जोखिम घटाउनेतर्फ जिल्लाको रणनीति केन्द्रित हुन थालेको छ ।

# जलविद्युत् आयोजनामा कार्यरतका आफन्त भन्छन् ‘न सास भेट्यो न लास’

- हिमाल लम्साल

रसुवा, २७ भदौ । जुम्लाको गुठीचौर गाउँपालिका-१ चोथाका सर्पसिंह महतारा २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशुली-१ जलविद्युत् आयोजनामा श्रमिकका रूपमा कार्यरत आफ्ना दुई जना भाइहरूको खोजीका लागि ११ दिनसम्म रसुवाको धुन्चे आसपासमा भौतारिरहनुभयो । उहाँ भदौ १३ गते नुवाकोटको त्रिशुलीबाट हिँडेर आफ्ना भाइहरूको खोजीका लागि रसुवाको सदरमुकाम धुन्चे पुग्नुभयो ।

तर, ११ दिनसम्म धुन्चे र माथिल्लो त्रिशुली-१ जलविद्युत् आयोजनाको वरपर खोजी गर्दा पनि भाइहरू दिनेश महतारा र अङ्गद बुढाको कुनै पनि खबर प्राप्त नभएपछि महतारा निकै निराश हुनुहुन्छ । उहाँले भन्नुभयो, “एघार दिन रसुवा आसपासमा नै बसेर भाइहरूको खोजीमा जुटिरहयौँ । तर, कहीँकतै पनि आफ्नो भाइहरूको बारेमा खबर पाउन सकेनौँ । आफन्तको न सास भेट्यो न त लास । यो पीडाले मन निकै भक्कानिरहेको छ ।”

आफन्त महताराले जलविद्युत् आयोजनाको सुरुङमार्गबाट चिनियाँ नागरिकको उद्धार भएपछि हाम्रो आफन्त पनि सकुशल फर्किएलान् भन्ने आशा बढेपनि अहिले भने आफूमा निराशा छाएको बताउनुभयो । उहाँले भन्नुभयो, “सुरुङबाट चिनियाँ नागरिकको उद्धार भएपछि त हाम्रा भाइहरू पनि सकुशल भेटिएलान् भन्ने निकै आशावादी भएका थियौँ । अब भाइहरू बाँचेर आउने आशा पनि मरिसक्यो । अब घरमा परिवारलाई के भन्ने होला ?”

उहाँ मात्रै होइन, जुम्लाको पातारासी गाउँपालिकाबाट कालीबहादुर बोहरा पनि आफ्नो भतिज कुमार बोहराको खोजीको लागि रसुवा आसपास क्षेत्रमा धेरै दिनसम्म भौतारिरहनुभयो । उहाँले भन्नुभयो, “हामी त भतिज कुमार पक्कै भेटिएलान् भनेर नै त्रिशुलीदेखि हिँडेर धुन्चेसम्म आइपुगेका थियौँ । एघार दिनसम्म यहाँ वरपर खोजी गर्दा पनि नभेटिएपछि अमिलो मन लिएर फर्किन बाध्य छौँ । माथिल्लो त्रिशुली-१ जलविद्युत् आयोजनाले अपेक्षाकृत ढङ्गले खोजी नगर्दा पनि आफन्तको न सास पायौँ न त लास नै ।”

बाढीपछि बेपत्ता भएका आफन्तहरूको खोजीका लागि रसुवा पुग्नुभएका महतारा र बोहरा आफन्तको कुनै पनि खबर नपाएपछि यही भदौ २५ गते नेपाली सेनाको हेलिकप्टरमार्फत त्रिशुली फर्किनुभएको छ । जुम्लाको पातारासी गाउँपालिकाको ४९ र गुठीचौर गाउँपालिकाका नौ गरी ५८ जना सम्पर्कविहीन भएका छन् । यी ५८ जना माथिल्लो त्रिशुली-ए जलविद्युत् आयोजनाबाट सम्पर्कविहीन भएका बोहराले बताउनुभयो । बेपत्तका परिवारले कम्पनीको तर्फबाट सम्पर्कविहीन भइरहेका कामदारको खोजीमा प्रभावकारी ढङ्गले काम हुन नसकेको गुनासो गरेका छन् ।

भोटेकोसी नदीमा यही भदौ १० गते गएको बाढीको कारणले २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशुली-१ जलविद्युत् आयोजनामा कार्यरत ५३८ जना कर्मचारी तथा श्रमिक अझै पनि सम्पर्कविहीन छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का अनुसार सो आयोजनाबाट ८७८ जना सकुशल उद्धार र सात जनाको शव भेट्टाइएको छ ।

इप्पानका अनुसार सम्पर्कविहीन हुनेमा नौ जना दक्षिण कोरियाली नागरिक, ३४ चिनियाँ नागरिक र ५० भारतीय नागरिक र बाँकी सबै नेपाली नागरिक छन् । सो आयोजनामा कूल एक हजार ४३३ जना कार्यरत रहेका थिए । माथिल्लो त्रिशुली-१ जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रालि हो । आयोजनाको मुख्य सिभिल संरचना निर्माणको ठेक्का पाएको सहायक ठेकेदार कम्पनी पावर चाइनाका तीन सय ८५ जना सम्पर्कविहीन भएका छन् ।

त्यसैगरी, हाइड्रो मेकानिकल तथा इलेक्टो मेकानिकल सहायक ठेकेदार एन्ड्रिज हाइड्रोका ९४ जना सम्पर्कविहीन रहेका छन् । नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रालिका १५, परामर्शदाता कम्पनी जेड कन्सल्टका सात, मुख्य निर्माण ठेकेदार डुसानका तर्फबाट ५६ जना अहिलेसम्म पनि सम्पर्कविहीन रहेका इप्पानले जनाएको छ ।

कम्पनीका अनुसार माथिल्लो त्रिशुली-१ जलविद्युत् आयोजनाबाट भने ८७८ जनाको उद्धार गरिएको छ । यो आयोजना रसुवा जिल्लाको आमाछोदिङ्मो गाउँपालिका-१ हाकु क्षेत्र तथा उत्तरगया गाउँपालिका-१ मा निर्माणाधीन अवस्थामा रहेको थियो । यो आयोजना २०८४ साउनभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको थियो ।

कम्पनीका अनुसार बाढीले आयोजनाको निर्माण सम्पन्न हुन लागेको बाँधलगायतका संरचना (हेडवर्क्स) र कार्यालय तथा आवास क्षेत्र पूर्ण रूपमा बगाएको छ । बाढी आउनुअघि पूर्वसूचना जारी गरिएको भए पनि अत्यन्त छोटो समयमा ठूलो बाढी तथा लेदो आयोजनास्थलमा प्रवेश गरेका कारण निर्माणस्थल तथा कार्यालयमा कार्यरत अधिकांश कर्मचारी तथा श्रमिक सुरक्षित स्थानतर्फ जान नसकेको कम्पनीले जनाएको छ । **रासस**

नेपालमा...

**जनचेतना अभिवृद्धि**

नेपाल विपद्‌सम्बन्धी जोखिमपूर्ण मुलुकको सूचीमा रहे पनि हामीकहाँ यस विषयमा पर्याप्त अध्ययन र पठनपाठन हुँदैन ।

जोखिम, विपद्, नेपालको भौगोलिक अवस्था तथा विपद् न्यूनीकरणसम्बन्धी विषय प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहकै पाठ्यक्रममा समावेश गरी पठनपाठन सुरु गरिनुपर्छ ।

विपद् र प्रकृतिसँग जोडिएका घटनालाई ‘दैवी शक्तिका कारण सिर्जित समस्या’ का रूपमा अर्थ्याइनु हुँदैन । डेक्कन र तिब्बती प्लेटहरूको टकरावका कारण टेथिस सागरको विलय हुँदै हिमालय पर्वतमाला निर्माण भएको हो । त्यसपछि महाभारत र सबैभन्दा पछि चुरे पर्वतमालासहितका भू-संरचना विकसित भएका हुन् ।

भौगर्भिक रूपमा तुलनात्मक रूपमा नयाँ भूशृङ्खला रहेको नेपालमा बाढी, पहिरो, भूक्षयलगायतका जोखिम सधैँ रहनेछन् । त्यसैले ती जोखिमबाट हुने क्षति न्यूनीकरणका विषयमा विद्यालय तहदेखि नै वैज्ञानिक शिक्षा दिन आवश्यक छ ।

**रसुवा-नुवाकोट बाढीबाट के सिक्ने ?**

नुवाकोट र रसुवामा भएको क्षतिले फेरि एउटा कठोर सन्देश दिएको छ– हामीसँग विपद्‌को जोखिम छ, तर त्यसको अनुपातमा तयारी छैन ।

आज हामीले यो घटनाबाट पनि नसिक्ने हो भने भोलि अर्को नदी, अर्को पहिरो वा अर्को हिमाली क्षेत्रमा फेरि उही दृश्य दोहोरिन सक्छ । त्यस्ता विपद्‌का कारण हामीले एकपछि अर्को गर्दै जनधनको ठूलो क्षति बेहोर्नुपर्नेछ । यो घटना पश्चिमा पुँजीवादी औद्योगिक राष्ट्रहरूले कार्बन उत्सर्जन गरेर सिर्जना भएको जलवायु परिवर्तन र त्यसका कारण सिर्जित ग्लोबल वार्मिङले गर्दा आइलागेको हो । त्यसैले रसुवा नुवाकोटमा आएको भोटेकोसी बाढीको क्षतिपूर्तिका लागि नेपाल सरकारले पहल गर्नुपर्छ । विपत्ति आएपछि मात्र जाग्ने होइन, विपत्ति आउनुअघि नै जोखिम पहिचान गर्ने, जोखिमयुक्त बस्ती र पूर्वाधारलाई व्यवस्थित गर्ने, हिमताल र हिमनदीको निरन्तर निगरानी गर्ने तथा पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ राज्यले तत्काल ध्यान दिनुपर्छ । हामीले हिमालयलाई केवल सौन्दर्यको प्रतीकका रूपमा होइन, सम्भावित जोखिमको स्रोतका रूपमा पनि बुझ्नुपर्छ । हिमताल र हिमनदीको जोखिमलाई बेवास्ता गरेर अब धेरै समय सुरक्षित रहन सकिँदैन ।

# कार्की आयोगको प्रतिवेदन सार सङ्क्षेप – ११४

**शान्तिपूर्ण रूपबाट सुरु भएको प्रदर्शन उग्र भिडमा परिवर्तन**

भदौ २३ गते बिहान करिब ९:०० बजेदेखि सुरु भएको शान्तिपूर्ण हुने भनिएको प्रदर्शन बिहान १०:१५ सम्म सामान्य नै थियो तर दिउँसो ११:०० बजेदेखि स्थिति क्रमश: बिग्रिँदै गयो । प्रदर्शनकारीहरू बिजुलीबजारनिर पुगेपछि अनियन्त्रित प्रदर्शनमा परिणत भइसकेको थियो ।

भिड बिजुलीबजारतर्फबाट मात्र आउने अनुमान भएकोले उक्त दिन एभरेस्ट होटल अगाडिको मुख्य मार्गमा मात्र प्रहरीको ब्यारिकेड राखिएको र सर्भिस लेनतिर ब्यारिकेड राखिएको थिएन । अन्य मार्गमा ब्यारिकेड नभएको अवस्थामा एकाएक चारैतिरबाट प्रदर्शनकारीको प्रवेश भएपछि सुरक्षा व्यवस्था जटिल बन्दै गएको थियो ।

बिजुलीबजारमा प्रदर्शनकारीसँग मिसिन गएको भिड त्यहाँ पुग्नुअघि नै contain गर्ने प्रयास भएको देखिँदैन । सुरक्षा योजनाअन्तर्गतको Plan A सफल नभएपछि तुरुन्तै Plan B मा जानुपर्ने थियो त्यो तत्काल लागू हुनुपर्नेमा सो नभएको देखिन्छ । खासगरी भिड बढ्दै जाँदा त्यही अनुपातमा सुरक्षा पनि बढाउनुपर्नेमा सो नभएको देखिन्छ ।

स्कूलका विद्यार्थीका साथै अन्य ठाउँबाट आएका व्यक्तिहरू करिब ११:१५ बजे नयाँ बानेश्वर एभरेस्ट होटलको अगाडि पुग्दा प्रदर्शनले निकै ठुलो भिडको रुप लिइसकेको थियो । भिड उत्तेजक भई केही व्यक्तिहरूले अशोभनीय नाराहरू पनि लगाइरहेका थिए । सुरक्षा निकायसँग उक्त भिडलाई होटल अगाडि राख्ने यथेष्ट सुरक्षा शक्ति थिएन । यो कुरा प्रशासनका अधिकारीले पनि स्वीकारेका छन् ।

**एभरेस्ट होटल अगाडिको प्रहरी व्यारिकेट तोड्दै भिड निषेधित क्षेत्रमा प्रवेश**

एभरेष्ट होटल नजिकको प्रहरी व्यारिकेडदेखि धेरै पछाडिसम्म प्रदर्शनकारीहरूको भिड थियो । प्रदर्शनकारीहरूले पछाडिबाट नारा लगाउँदै अगाडि बढन दबाब दिई धकेल्न थाले जसको कारण अगाडिका प्रदर्शनकारीहरू प्रहरी व्यारिकेडतर्फ बढ्न गई व्यारिकेड तोडियो । व्यारिकेडको पछाडि (बानेश्वरतिरबाट एभरेस्ट होटलतर्फ) बाट आएका प्रदर्शनकारीले पनि व्यारिकेड ढाल्नमा सहयोग गरेको देखिन्छ । ब्यारिकेड तोडेपछि प्रहरीहरू पानीको फोहोरा, अश्रुग्यास प्रहार गर्दै पछाडि हटे । प्रदर्शनकारीहरूले प्रहरीलाई धकेल्दै अगाडि बढ्दै सङ्घीय संसद् भवन अगाडि पुगे ।

एभरेस्ट होटल अगाडि निषेधित क्षेत्र सुरु गरिएको थियो । त्यसकारण, होटलको अगाडि 'ब्यारिकेड' खडा गरिएको थियो । यहाँनिर प्रशासन/सुरक्षा निकायको तर्फ मुख्य दुई कमजोरी देखिन्छ । पहिलो, सुरक्षा निकायको उपस्थिति कमजोर हुनु, परिस्थितिको मूल्याङ्कन गरी प्रहरीको सङ्ख्या (तैनाथी) बढाउनुपर्नेमा समयमै नबढाउनु । दोस्रो, निषेधित क्षेत्र प्रवेश गर्न नदिन खडा गरिएको व्यारिकेड मेनरोडमा मात्र लगाउनुका साथै त्यहाँ लगाइएको व्यारिकेड हल्का र पुरानो प्रकृतिको हुनु । त्यसमा पनि एउटा मात्र व्यारिकेड खडा गरिनु । यसले गर्दा सर्भिस लेनतिरबाट समेत आएका प्रदर्शनकारीको भिडको बिचमा प्रहरी पर्न गएको देखिन्छ जुन सुरक्षाका हिसाबले निकै अस्वाभाविक हो ।

**संसद् भवन परिसर वरपरको स्थिति**

करिब ११:४५ बजे बिहान ठुलो सङ्ख्यामा रहेको उत्तेजित भिड ढुङ्गामुढा प्रहार गर्दै र प्रहरीलाई धक्का मुक्का गर्दै निषेधित क्षेत्र प्रवेश गरी सङ्घीय संसद् भवन क्षेत्रतिर बढेपछि स्थिति नियन्त्रणमा लिन प्रहरीबाट पानीको फोहोरा प्रयोग गरियो । प्रहरीले फोहोरा हान्न प्रयोग गरिएको वाटर क्याननमा दुईवटा फोहोरासम्म एकसाथ प्रयोग गर्ने क्षमता थियो । दुवै फोहोरा प्रयोग गर्दा यो जम्मा ३ मिनेटमात्र चल्छ र वाटर क्याननमा भएको पानी सिधिन्छ । सीसीटीभी फुटेज हेर्दा वाटर क्याननबाट हानेको फोहोरा दुई पटक प्रयोग गरियो र केही सेकेन्डका लागि सानो फोहोरा पनि प्रयोग गरेको देखिन्छ । वाटर क्याननमा भएको पानी सकिएपछि फेरि भर्नुपर्ने अवस्था तत्काल सम्भव थिएन । प्रहरीसँग एक वाटर क्यानन मात्र पानीको फोहोराको लागि उपलब्ध रहेकोमा दुई पटक प्रयोगपश्चात् निष्प्रभावी भयो । सशस्त्र प्रहरीबाट पनि बानेश्वर चोकमा एक वाटर क्यानन तैनाथ गरिएको थियो तर त्यो प्रयोग नै नगरी त्यहाँबाट संसद् भवनको दक्षिणपट्टिको गेटमा लगेर राखेको देखिन्छ ।

पानीको फोहोराको निष्प्रभावी प्रयोगले भिडलाई तितरवितर गर्नुको सट्टा युवा प्रदर्शनकारीहरूलाई अझ उग्र बनायो र सोही स्थानमा उपलब्ध भएका ढुङ्गा, इँटा, ब्लकहरू प्रयोग गरी प्रदर्शनकारीहरूले सुरक्षाकर्मीहरूमाथि प्रहार गर्न थाले । अन्य केही प्रदर्शनकारीहरू हातमा गुलेली, बञ्चरो, कुटोलगायतका घरेलु हतियार लिई सङ्घीय संसद्को सुरक्षामा खटिएका सुरक्षाकर्मीमाथि प्रहार गर्न थाले । केही प्रदर्शनकारीहरू संसद् भवन कब्जा गर्नेजस्ता प्रदर्शनकारीहरूको भिडलाई भड्काउने अभिव्यक्ति दिइरहेका थिए । तीमध्ये केही वाटर क्याननमा ढुङ्गामुढा गर्नमा संलग्न थिए ।

पानीको फोहोराको प्रयोग निष्प्रभावी भएपछि प्रहरी सुरक्षाकर्मीहरू अलि हतास भएकोजस्तो देखियो र सुरक्षा नियन्त्रण गर्न अपनाउनुपर्ने कम घातक साधनहरू क्रमश: लाठीचार्ज, अश्रुग्यास, रबरको गोली प्रयोग गर्न थालेको देखिन्छ । अश्रुग्यासको प्रयोग गर्दा यसको प्रभावकारीता कम भएको कारण प्रदर्शनकारीहरूले प्रहरीबाट हानेका अश्रुग्यास हातले टिपी चिसो रुमालले बेरेर सुरक्षाकर्मीतर्फ नै फालिदिन थालेपछि संसद् भवन परिसर भित्र र बाहिर रहेका सुरक्षाकर्मीहरू (नेपाल प्रहरी र सशस्त्र प्रहरी) झन् स्थिति सम्हाल्न गाह्रो हुने महसुस गरिरहँदा प्रदर्शनकारीहरू थप आक्रामक भएको देखिन्छ । यस्तो संवेदनशील समयमा फिल्डमा कार्यरत प्रहरीका कमान्डरहरूले स्थिति नियन्त्रणमा लिन बल प्रयोगभन्दा पनि वार्ताको माध्यमबाट प्रदर्शनकारी युवाहरूलाई सम्झाउन सकेको भए अवस्था धेरै हदसम्म सामान्यीकरण तर्फ जान सक्ने अवस्था रहन्थ्यो । संसद् भवनमा भिड प्रवेश गर्दा एकातिर सुरक्षाकर्मीहरू केही नगर्दा आफूहरूमाथि दोष लाग्ने हो कि भन्ने मनस्थितिमा थिए भने प्रदर्शनकारीहरू पनि हौसिएर अगाडि बढिरहेका थिए । यो परिस्थितिमा प्रहरी सुरक्षाकर्मीहरूले लाठीचार्ज, अश्रुग्याँस र रबरको गोली प्रयोग गरेको देखियो । प्रहरीको यस प्रकारको कामकारबाहीबाट युवा प्रदर्शनकारीहरू झन् आक्रोशित हुँदै अगाडि बढ्न थालेको अवस्थामा त्यसलाई निस्तेज गर्ने संयन्त्रको प्रयासको अभाव देखियो ।

शान्तिपूर्ण उद्देश्य राखेर सुरु गरिएको प्रदर्शन दङ्गाको रूप लिन थालेपछि त्यस अवस्थालाई बुझी केही प्रदर्शन आयोजकहरूले आन्दोलनकारीहरूलाई जति सम्झाउँदा बुझाउँदा पनि नमानेपछि आन्दोलन फिर्ता भएको घोषणासमेत गरेको भन्ने भनाइ 'हामी नेपाल' संस्थाका अध्यक्ष सुदन गुरुङ र अन्य साक्षीहरूको रहेको छ । प्रदर्शनकारीको उग्र व्यवहार हेर्दा सुरुमा प्रदर्शन आयोजकहरूको नियन्त्रणबाट भिड बाहिर गइसकेको स्पष्ट देखिन्छ ।

# आतङ्कवादविरुद्ध अन्तर्राष्ट्रिय सहकार्य थप आवश्यक : संयुक्त राष्ट्रसङ्घ

संयुक्त राष्ट्रसङ्घ, २७ भदौ (सिन्ह्वा) । आतङ्कवाद पछिल्लो समय थप विखण्डित तथा विभिन्न क्षेत्रमा फैलिँदो चुनौतीका रूपमा विकसित भइरहेको र प्रविधिको तीव्र विकासले यसको स्वरूपमा समेत परिवर्तन ल्याइरहेको संयुक्त राष्ट्रसङ्घकी सहायक महासचिव नतालिया गेर्मानले बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को आतङ्कवादविरोधी समितिको कार्यकारी निर्देशनालयको नेतृत्व गरिरहनुभएकी गेर्मानले आतङ्कवादी समूहहरूले आफ्ना सङ्गठनात्मक संरचनामा परिवर्तन गर्दै गतिविधिलाई विकेन्द्रीकरण गर्ने, आर्थिक स्रोतका माध्यमहरू विविध बनाउने तथा अस्थिर परिस्थितिको लाभ उठाउने प्रयास गरिरहेको बताउनुभएको हो ।

उहाँका अनुसार कमजोर शासन व्यवस्था, स्रोतसाधनका लागि हुने प्रतिस्पर्धा तथा स्थानीय असन्तुष्टिजस्ता परिस्थितिलाई आतङ्कवादी समूहहरूले आफ्नो प्रभाव विस्तार गर्न प्रयोग गरिरहेका छन् । यस्ता समूहहरूले महिला तथा पुरुषका फरक-फरक संवेदनशीलतालाई ध्यानमा राख्दै प्रचार तथा भर्तीका रणनीतिहरू अपनाइरहेको पनि उहाँले उल्लेख गर्नुभएको छ ।

आतङ्कवादी समूह तथा सङ्गठित आपराधिक सञ्जालहरूले मानिस, हतियार तथा अवैध सामग्रीको आवतजावतका लागि समुद्री मार्ग र महत्त्वपूर्ण पूर्वाधारको दुरूपयोग गरिरहेको उहाँले बताउनुभएको छ । विकेन्द्रीकृत समूह, सीमित रूपमा जोडिएका सञ्जाल तथा एकल व्यक्तिबाट हुने हिंसात्मक गतिविधिको पहिचान र नियन्त्रण थप चुनौतीपूर्ण बन्दै गएको उहाँले बताउनुभयो ।

प्रविधिको प्रयोग आतङ्कवादी समूहहरूले प्रचार तथा भर्तीमा मात्र नभई आक्रमणको योजना निर्माण, सूचना सङ्कलन तथा आर्थिक स्रोत व्यवस्थापनमा समेत गरिरहेको उहाँले बताउनुभएको छ । मानवरहित विमान प्रणालीको पहुँच र प्रभावकारिता बढेसँगै निगरानी, खोज तथा आक्रमणका लागि यसको प्रयोगसमेत बढिरहेको उहाँले उल्लेख गर्नुभएको छ ।

बालबालिका तथा युवालाई लक्षित गरी भर्ती तथा शोषण गरिनु पनि गम्भीर चुनौतीका रूपमा देखा परेको उहाँले बताउनुभएको छ । सामाजिक सञ्जाल, अनलाइन खेल तथा अन्य आभासी माध्यममार्फत विशेषगरी युवाहरूको संवेदनशीलता पहिचान गरी उनीहरूलाई प्रभावित पार्ने प्रयास भइरहेको उहाँले उल्लेख गर्नुभएको छ ।

आतङ्कवादका लागि आर्थिक स्रोत जुटाउने सञ्जालसमेत थप विकेन्द्रीकृत र पहिचान गर्न कठिन बन्दै गएको उहाँले बताउनुभएको छ । परम्परागत रूपमा नगद ओसारपसार तथा अनौपचारिक रकम स्थानान्तरणका माध्यमहरू प्रयोग हुँदै आएको उल्लेख गर्दै उहाँले अनलाइन भुक्तानी सेवा, सामूहिक रकम सङ्कलन, मोबाइल वित्तीय सेवा तथा आभासी सम्पत्तिको प्रयोगसमेत बढिरहेको बताउनुभएको छ ।

आतङ्कवादी समूहहरूले जबरजस्ती रकम असुली, अपहरणपछि फिरौती, तस्करी तथा प्राकृतिक स्रोतसाधनको अवैध दोहनजस्ता आपराधिक गतिविधिबाट समेत आर्थिक स्रोत जुटाउने गरेको उहाँले उल्लेख गर्नुभएको छ ।

आतङ्कवाद र सङ्गठित अपराधबिचको सम्बन्ध विभिन्न द्वन्द्वग्रस्त क्षेत्रमा महत्त्वपूर्ण चुनौतीका रूपमा रहेको बताउँदै गेर्मानले आतङ्कवादको रोकथाम तथा नियन्त्रणका लागि पूर्वतयारी, अन्तर्राष्ट्रिय सहकार्य र पारस्परिक एकतामा निरन्तर जोड दिनुपर्ने आवश्यकता औँल्याउनुभएको छ ।


**भक्तपुर नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर-२

**विद्यालय स्वामित्व हस्तान्तरणको दाबी विरोधसम्बन्धी ३५ दिने सूचना**

**(सूचना प्रकाशित मिति २०८३।०५।२८)**

भक्तपुर नगरपालिका वडा न. १० महालक्ष्मीस्थानमा सञ्चालनमा रहेको **स्कलर्स होम एकेडेमी** विशेष कारण हाल सञ्चालित व्यक्तिबाट विद्यालयको सम्पूर्ण स्वामित्व दोस्रो व्यक्तिलाई हस्तान्तरणका लागि सम्बन्धित विद्यालयले नियमानुसार स्वीकृतसहित आवश्यक सिफारिस गरिदिन यस कार्यालयमा निवेदन पर्न आएको हुँदा स्वामित्व हस्तान्तरण गर्न नमिल्ने कुनै कारण भएमा दाबी विरोधसहित ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा निवेदन पेस गर्नहुन यो सूचना प्रकाशन गरिएको छ । तोकिएको समयभित्र कुनै दाबी विरोध नआएमा प्रचलित कानुनअनुसार भइजाने व्यहोरा सूचित गरिन्छ ।

भक्तपुर नगरपालिका
नगर शिक्षा शाखा
ब्यासी, भक्तपुर-२, फोन न. ०१-६६१०११६



**सार्वजनिक यातायातको मर्यादित प्रयोग गरौं**

- सार्वजनिक यातायातका साधनको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- सवारी चढ्ने र ओर्लने क्रममा सडक अनुशासन र पालोको पालना गरौं,
- ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई प्राथमिकता दिऔं,
- सार्वजनिक यातायातमा धूम्रपान गर्ने, फोहोर फाल्ने तथा होहल्ला गर्ने कार्य नगरौं,
- चालक तथा सहचालकसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- चालक तथा सहचालकले यात्रुसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- सवारी साधनको क्षमता भन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- ट्राफिक नियमको पालना गरी सुरक्षित यात्रामा सहयोग गरौं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै स्वच्छ र सुरक्षित यात्रा संस्कृतिको विकास गरौं।

अनुशासित यात्रा गरौं, सुरक्षित गन्तव्यमा पुगौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# नेपाल प्रहरीको अस्थायी अस्पताल सञ्चालनमा

त्रिशुली (नुवाकोट), २७ भदौ । भोटेकोसी नदीमा आएको बाढीपश्चात् उत्पन्न हुनसक्ने स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै नेपाल प्रहरी अस्पताल महाराजगञ्जले नुवाकोटमा पाँच शय्याको अस्थायी फिल्ड अस्पताल सञ्चालनमा ल्याएको छ ।

त्रिशुली नदीको बाढीले त्रिशुली अस्पतालसँगको सम्पर्क विच्छेद भइरहेको समयमा बाढीपश्चात् फैलन सक्ने रोगको सङ्क्रमण नियन्त्रणलाई मध्यनजर गर्दै नेपाल प्रहरीले पाँच शय्याको लेभल-१ अस्पताल विदुरमा सञ्चालनमा ल्याएको हो ।

अस्पतालबाट विशेषज्ञ चिकितसकमार्फत चौबिसै घण्टा आकस्मिक सेवासहित बहिरङ्ग (ओपिडी), वार्ड, प्रयोगशाला, औषधिलगायत सुविधा आमसर्वसाधारणले नि:शुल्क पाउने व्यवस्था मिलाएको प्रहरी अस्पतालमा कार्यरत प्रहरी नायब महानिरीक्षक दामोदर पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार भोटेकोसी हुँदा त्रिशुली नदीमा आएको बाढीका कारण मानवीय र पशुचौपाय क्षतिपश्चात् फैलनसक्ने सङ्क्रमणजन्य रोग नियन्त्रणलाई केन्द्रित गर्दै फिल्ड अस्पताल सञ्चालनमा ल्याइएको हो ।

प्रहरी नायब महानिरीक्षक पौडेलले भन्नुभयो, "बाढीपछि उत्पन्न हुनसक्ने स्वास्थ्य समस्यालाई दृष्टिगत गर्दै स्वास्थ्य उपचारका लागि प्रहरीले विशेषज्ञ जनशक्ति, आवश्यक यन्त्र-उपकरणसहित औषधि सेवा नि:शुल्क उपलब्ध गराएको छ । बाढीले पुल बगाएकाले त्रिशुली अस्पतालको सेवा लिन रसुवा, नुवाकोट तथा त्रिशुलीका बासिन्दालाई कठिनाइ भइरहेको छ । स्वास्थ्यमा सानो समस्या देखिए उपचार गराउन अन्यत्र जिल्ला जानुपर्ने बाध्यता बनेकाले विशेषज्ञसहितको सेवा उपलब्ध गराउन विदुरमा फिल्ड अस्पताल सञ्चालन गरिएको हो ।"

विपद्पछिको अवस्था (पोष्ट डिजास्टर म्यानेजमेन्ट) मा सरुवाजन्य रोगको सङ्क्रमणको जोखिम उच्च रहेकाले सावधानी अपनाउन अपिल गरिएको छ । त्यस्तै, मानसिक स्वास्थ्यसम्बन्धी समस्यालाई पहिचान गरेर उपचार गर्नु प्रमुख चुनौती भएकाले मनोपरामर्शसहितको स्वास्थ्य सेवालाई प्रहरीको फिल्ड अस्पतालले प्राथमिकता दिएको छ ।

होल्डिङ सेन्टरको बसाइँमा फरक-फरक बस्तीका बासिन्दा एकैठाउँमा भेला हुँदा रोगको सक्रमण फैलन सक्ने भएकाले सावधानी अपनाउनका लागि स्वास्थ्यकर्मीमार्फत सचेत गराउँदै आइरहेको जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रमुख एवं प्रहरी उपरीक्षक विपिन रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार शव र सिनुको दुर्गन्ध, प्रदूषित पानी, प्रतिकूल मौसमका कारण हैजा फैलने जोखिम रहेकाले त्यसलाई केन्द्रित गरेर प्रहरीको फिल्ड अस्पतालमा विशेषज्ञ चिकित्सक र आवश्यक औषधि उपलब्ध गराइएको छ ।

प्रहरी उपरीक्षक रेग्मीले भन्नुभयो, "विपत्पश्चात्को समयमा प्रभावितलाई मानसिक स्वास्थ्यसम्बन्धी समस्या प्रमुख चुनौती मानिन्छ । स्वास्थ्यसम्बन्धी देखिएका शारीरिक समस्या मात्र नभई उनीहरूको मानसिक अवस्थामा पुगेको अज्ञात प्रभावलाई नजिकबाट बुझेर समस्यालाई समाधान गराउन अस्पतालले जोड दिनेछ ।"

भोटेकोसी हुँदै त्रिशुली नदीमा आएको बाढीको कारण हराइरहेका व्यक्ति तथा भेट्टिएका बेवारिसे शव पहिचान गर्न प्रहरीले फिल्ड अस्पतालको परिसरमा डिएनए परीक्षण सेवा पनि सञ्चालनमा ल्याएको छ । बाढीमा परेर हराएका व्यक्तिको परिवारको सदस्यको नमूना सङ्कलन गर्न नेपाल प्रहरीले यसअघि काठमाडौं पुग्नुपर्ने बाध्यता हटाई विदुरमा सम्पर्क केन्द्र सञ्चालनमा ल्याएको हो । बाढीमा परेर परिवारका सदस्य हराइरहेको भएमा डिएनए उपलब्ध गराउन सम्बन्धित परिवारलाई प्रहरीले अनुरोध गरेको छ । ***रासस***

# आइतबार इन्द्रध्वजाको लिङ्गो उठाउन रूख काटिने

काठमाडौँ, २७ भदौ । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको इन्द्रजात्राको साइत सार्वजनिक गरेको छ । इन्द्रजात्रा पर्वको प्रक्रिया भाद्रपद शुक्ल द्वितीयादेखि सुरू हुन्छ । इन्द्रजात्राको लिङ्गो उठाउन रूख काट्न जानका लागि वन यात्रा गर्न जाने साइत भदौ २८ गते आइतबार बिहान ९:५३ को रहेको समितिका अध्यक्ष एवं सह प्रा.डा. पुरूषोत्तम भट्टराईले जानकारी दिनुभयो ।

रूख काट्ने साइत राति ८:४७ बजेको रहेको छ । भक्तपुरको चित्तपोल वनबाट इन्द्रध्वजाको लिङ्गो उठाउन रूख काट्ने परम्परा रहिआएको उहाँले जानकारी दिनुभयो । लिङ्गो नगर प्रवेश गराउने साइत असोज ३ गते शनिबार बिहान ८:०५ बजे रहेको समितिले जनाएको छ ।

यसैगरी, इन्द्रजात्राको मुख्य दिन असोज ९ गते शुक्रबार तल्लो टोलमा यात्रा गराइन्छ । असोज १० गते शनिबार माथिल्लो टोल यात्रा गराइने छ ।

असोज १३ गते मङ्गलबार महिलाले मात्र रथ तानेर नानीचा यात्रा गरिन्छ । यसै दिन राति ९:२५ बजे इन्द्रध्वजाको लिङ्गो ढाल्ने साइत रहेको समितिले जनाएको छ । लिङ्गो ढालेपछि राति नै राष्ट्राध्यक्षले कुमारी, गणेश र भैरवको दर्शन गरी प्रसाद ग्रहण गरेपछि १३ दिन लामो इन्द्रजात्रा समापन हुन्छ ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा